राष्ट्रिय साप्ताहिक
जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ३१, फागुन २२ गते शुक्रबार, २०८२ (6 March, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# मध्यावधि निर्वाचन शान्तिपूर्ण सम्पन्न

## पूर्वविशिष्ट कसले, कहाँबाट गरे मतदान ? संक्षिप्त प्रतिक्रियासहित...

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** 'जेन-जी' पुस्ताले सुशासनको माग गर्दै थालेको शान्तिपूर्ण प्रदर्शनले भदौ २३ र २४ मा हिंसात्मक र ध्वंसात्मक रूप लिएसँगै विकसित जटिल परिस्थितमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले फागुन २१ का लागि घोषणा भएको प्रतिनिधिसभा सदस्यको मध्यावधि बिहीबार सम्पन्न भएको छ। तमाम आशंकाहरूलाई चिर्दै नयाँ र पुराना भनिएका सम्पूर्ण दल, समूह तथा विभिन्न स्वतन्त्र व्यक्तिहरू सहभागी हुन सहमत भएर नै बिहीबार देशभर मूलतः शान्तिपूर्ण वातावरणमा मतदान सम्पन्न भएको हो।



निर्वाचन कार्यतालिका अनुसार बिहान ७ बजे सुरु भई साँझ ५ बजे सम्पन्न भएको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिएका छन्। तत्कालीन भयावह अवस्थाबाट मुलुकलाई निकास दिन र नेपाली जनताकै लामो संघर्षबाट प्राप्त लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि अपरिहार्य बनाइएको यस निर्वाचनअन्तर्गत संघीय राजधानी काठमाडौंलगायत मुलुकभरका ७७ वटै जिल्लामा एकैसाथ निर्वाचन सम्पन्न भएको हो। यस निर्वाचनमा प्रत्यक्षतर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गरे। प्रत्यक्षतर्फ ३ हजार १७ पुरुष, ३ सय ८८ महिला र अन्य एक गरी ३ हजार ४ सय ६ जना उम्मेदवार तथा समानुपातिक निर्वाचन प्रणालीतर्फ १ हजार ३ सय ६३ पुरुष र १ हजार ७ सय ७२ महिला गरी ३ हजार १ सय ३५ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। प्रत्यक्षतर्फ १ सय ६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ १ सय १० स्थानका लागि निर्वाचन भएको हो।

निर्वाचनमा ९६ लाख ६३ हजार ३ सय ५८ पुरुष, ९२ लाख ४० हजार १ सय ३१ महिला र २ सय अन्य गरी १ करोड ८९ लाख ३ हजार ६ सय ८९ मतदाता छन्। १ लाख ८६ हजार १ सय ४२

क्रमशः अन्तिम पृष्ठमा

# ठाउँठाउँमा गरे किरियापुत्रीले मतदान

**काठमाडौं ।** बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत देशभर उत्साहपूर्वक र शान्तिपूर्ण तरिकाले मतदान भएका समाचारहरू आइरहेका छन्। विभिन्न जिल्लाका मतदान केन्द्रमा आफन्तहरूका आसोच बारिरहेका किरियापुत्रीहरूले समेत आफ्नो मतदान गरेका छन्। मुगु जिल्लास्थित छायानाथ रारा नगरपालिका- १ को मीन माध्यमिक विद्यालयस्थित मतदान केन्द्रमा किरियापुत्रीले मतदान गरेका छन्। छायानाथ रारा नगरपालिका- १ निवासी दिवंगत ९३ वर्षीया रूपा मल्लका छोराहरू ललिजङ, राजन र विनोद मल्लले मतदान गरेका हुन्। सोही वडाकी अर्की दिवंगत ९१ वर्षीया हाँसादेवी मल्लका छोरा गोविन्द र भूपेन्द्र मल्लले पनि सोही मतदान केन्द्रमा मतदान गरे।

यसैगरी, बागलुङ जिल्लाको काठेखोला गाउँपालिका- ३, धम्जामा पनि किरियापुत्रीले मतदान गरे। आमाको निधन भएको छैटौं दिनमा धम्जा मतदान केन्द्रबाट दीपेन्द्र रानाले मतदान गरेका हुन्। आमाको काजकिरियामा रहे तापनि आफूले मतदान गर्ने अवसरको सदुपयोग गरेको उनले बताए। नेपाली कांग्रेस काठेखोला- ३ का वडा सभापति समेत रहेका रानाले चुनाव भनेको सही नेतृत्व चयन गर्ने महत्त्वपूर्ण दिन भएकाले त्यस्तो अवसर गुमाउन आफूले नचाहेको रानाले बताए।

यस्तै, बाँके जिल्लाको नेपालगञ्ज उपमहानगरपालिका- ७ स्थित महेन्द्र माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्रमा पनि किरियापुत्रीले मतदान गरे। नेपालगञ्ज- ७ निवासी दिवंगत ८४ वर्षीय कमल राणाका छोरा सुनिलनरसिंह राणासहित मातृशोकमा रहेका उक्त परिवारका सबैले सो मतदान केन्द्रमा मतदान गरेका हुन्। नेपालगञ्ज- ६ निवासी दिवंगत ९६ वर्षीया रामप्यारी कुर्मीका छोरा माधवराम बर्मासहित मातृशोकमा रहेका उक्त परिवारका सदस्यहरूले नेपालगञ्ज- ७ स्थित हडियाबाबा मठ केन्द्रमा मतदान गरेको सो केन्द्रकी सहायक मतदान अधिकृत अल्का मिश्रले जानकारी दिइन्।

त्यस्तै, तनहुँ जिल्लाको व्यास नगरपालिका- ११ मा पनि दुईजना किरियापुत्रीले मतदान गरे। स्थानीय तिलकबहादुर खड्का र समुन्द्र खड्काले किरिया बसिरहेकै अवस्थामा मतदान गरेका हुन्। ती किरियापुत्रीले तनहुँ आधारभूत विद्यालय बेलटारी मतदान केन्द्रमा पुगेर मतदान गरेको मतदान अधिकृत सुदीप कँडेलले जानकारी दिए।

# निर्वाचनले लोकतान्त्रिक प्रणालीलाई सुदृढ बनाएको छ : प्रचण्ड

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले मतदानमा जनताले देखाएको सहभागिता, संयम र संघीय लोकतान्त्रिक गणतन्त्रप्रतिको उच्च विश्वासले वर्तमान राजनीतिक प्रणालीलाई अझ सुदृढ बनाएको धारणा व्यक्त गरेका छन्।

क्रमशः अन्तिम पृष्ठमा

# अमेरिकाको नेपाल नीति र एमसीसी सम्झौता

**समय- सन्देश**

*लीलामणि पोखरेल*

१ जुन, २०१९ मा जारी इण्डो-प्यासिफिक–स्ट्रटेजी रिपोर्टको पृष्ठ ३६ मा नेपाल र अमेरिकी सेनाबीच रणनीतिक साझेदारी गर्ने नीति अन्तर्गत 'प्रतिआतङ्कवाद' लगायतका सैनिक कार्यका लागि सुरक्षा सम्बन्धको विकासका लागि सन् २०१८ यता संयुक्त अमेरिकाको यूएस इन्डो-कमान्ड फोर्सका उच्च पदस्थ अधिकारी र नेपाली सेनाबीच कयौं चरणमा वार्ता भएको उल्लेख गरिएको छ। अमेरिका र नेपालबीच 'रणनीतिक साझेदारी' (strategic partnership) सम्बन्धी सम्झौताका लागि प्रस्तावबीच भएको इण्डो-प्यासिफिक स्ट्राटेजी (IPS) मातहतको स्टेट पार्टनरसिप प्रोग्राम (State partnership programme) बारे नेपाल 'सकारात्मक' भएको कुरा ५ डिसेम्बर, २०१९ मा अनिल गिरीद्वारा तयार पारिएको समाचारमा उल्लेख छ। सो समाचारअनुसार Indo-Pacific security affairs का लागि संयुक्त राज्य अमेरिकाका रक्षा सहायक सचिव (मन्त्री) Randall Schriver को नेपाल भ्रमणका अवसरमा नेपालका तत्कालीन रक्षामन्त्री एवम् उपप्रधानमन्त्री ईश्वर पोखरेलसँग राखेको प्रस्ताव पोखरेलले स्वीकार गरेका थिए। उक्त रिपोर्ट ६ डिसेम्बर, २०१९ मा 'काडमाडौं पोस्ट' दैनिकमा प्रकाशित भएको छ। हिन्द-प्रशान्त रणनीति (IPS) अन्तर्गतको उक्त प्रस्तावित सम्झौता (सम्झौता गरिएको-नगरिएको कुरा आजसम्म सार्वजनिक जानकारीमा ल्याइएको छैन) मा अमेरिकी अगुवाईमा हुने नीतिमा व्यापार, ऊर्जा, पूर्वाधार विकास, वाणिज्य तथा सर्म्पक सम्बन्धमा लगानी गरिने कुरा गरिएको छ।

सारमा यी सबै कार्य हिन्द-प्रशान्त रणनीति मातहत गरिने अमेरिकी नीति रहेको छ। हरेक सहायता एवम् लगानी अमेरिकाको सुरक्षा रणनीतिअन्तर्गत नै रहेका छन्। तसर्थ, एमसीसी र त्यससम्बन्धी सम्झौतालाई

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- ३१, फागुन २२ गते शुक्रबार, २०८२

## सम्पादकीय

# आमचुनाव ०८२ को न्यूनचर्चित गम्भीर अन्तर्य

बिहीबार (हिजो) एकै चरणमा देशभर प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न भयो। यो चुनाव हुनुअघि होला कि नहोला वा यथासमयमै होला कि सर्ला भन्ने चर्चा व्यापक थियो भने अब कसले जित्यो र कसले हार्‍यो भन्ने चर्चाले बजार पाउँदै छ।

यथार्थतः यो चुनावका सन्दर्भमा जे-जति विषय-सन्दर्भ बहुचर्चित रहे; नेपाली राजनीतिक सन्दर्भमा तीभन्दा पनि महत्त्वपूर्ण पक्षहरू भने न्यूनचर्चित रहे। २१ फागुनको साँझपख नै फैलिएको खबर छ कि यसपटकको चुनावमा कूल मतदाताको लगभग आधा संख्याले मात्रै मतदान गर्‍यो। बाँकीले किन भोट हालेनन् त ? नेपाली राजनीतिका सन्दर्भमा यो पक्षको निकै ठूलो महत्त्व छ। तर, हा-हा-हु-हु र लहै-लहैमा बहकिएको हाम्रो समाजको ठूलो हिस्साले यति गम्भीर विषय पटक्कै बुझ्न सकिरहेको छैन र बुझ्न चाहिरहेको पनि छैन।

मतदाताको कूल संख्यामध्येका केही प्रतिशतको मृत्यु भइसकेको छ भने यीमध्येको अलि ठूलो प्रतिशत विदेशमा छ अनि केही प्रतिशतले सामान्य असन्तुष्टि र न्यून चासोका कारण भोट हालेनन्। भोट नहाल्नेहरूमध्येको निकै ठूलो प्रतिशतले भने वर्तमान राज्य प्रणालीप्रतिकै असन्तुष्टिका कारण चुनाव बहिष्कार गरेका हुन्। र, यसरी बहिष्कार गर्नेहरूमध्येको सानो हिस्सा वर्तमान उपलब्धिहरू समेत खोसेर मुलुकलाई प्रतिगमनकारी व्यवस्थातर्फ फर्काउन चाहन्छ भने तीमध्येको निकै ठूलो हिस्सा जनवादी क्रान्तिलाई पूर्णता दिएर समाजवादतर्फ अघि बढ्न चाहन्छ। यो यथार्थको निकै ठूलो महत्त्व छ र त्यसको परिणाम छिटै देखिने निश्चित छ।

## अमेरिकाको नेपाल...

'नेपालको विकासमा सहयोग गर्न लालायित भएको' मात्र देख्नु अनि भूमण्डलीय राजनीतिको चक्रब्युह नदेख्नु भनेको नेपालको नागरिक भएर अरू कसैको गुलामी गर्ने दास मनोवृत्तिबाहेक केही होइन । यस्तो प्रवृत्ति देशभक्ति, विचार र चिन्तन तथा स्वाभिमानको दरिद्रता मात्र हो ।

हिन्द-प्रशान्त रणनीतिको आडमा अमेरिकाद्वारा गरिएका कामकारबाहीले नेपाललाई हाम्रा छिमेकी, खासगरी चीनका विरुद्ध नेपाली भूमिलाई सामरिक उद्देश्यका निम्ति प्रयोग गर्न खोजिएका कयौं उदाहरणहरु भेटिन्छन् । नेपाल र चीनबीच द्विपक्षीय सम्बन्धमा कुनै समस्याहरु छैनन् । तर, नेपाल-चीनबीचको सम्बन्धमा दरार पार्न अनेकौं प्रयत्न गरिएका छन् र बारम्बार दबाव दिने गरिएको छ । नेपालमा शरणार्थीका रूपमा रहेका चिनियाँ (तिब्बती) लाई विदेश भ्रमणका लागि 'ट्राभल डकुमेन्ट' उपलब्ध गराउन नेपाल सरकारलाई दिइएको दबाव यसै प्रसङ्गको एउटा उदाहरण हो । नेपालले तिब्बत वा ताइवानलाई अलग राज्यको मान्यता नदिई 'एक चीन नीति' लाई अङ्गीकार गरिरहेको छ । शरणार्थीलाई ट्राभल डकुमेन्ट दिंदा 'राष्ट्रियता' उल्लेख गर्नुपर्ने हुन्छ । शरणार्थीको राष्ट्रियता 'तिब्बत' भनेर लेख्न नसकिने हुँदाहुँदै त्यसो गर्न दबाव सिर्जना भैरहेको छ । चिनियाँ अनुदान वा ऋणमा सञ्चालन गरिने आयोजना अगाडि बढाउनु नहुने दबाव, चीन-नेपालबीच सुपुर्दगी सन्धि गर्न थालिएकामा त्यसलाई रोक्न दबाव, चीनसँगको व्यापार वृद्धिसम्बन्धी प्रोटोकललाई अगाडि बढ्न नदिन दबाव, बीआरआईसम्बन्धी कार्यजोजनाहरूलाई कार्यान्वयन हुन नदिन दबाव, आइपीएसमा सामेल गरेर चीनविरोधी सैन्य गतिविधिमा लाग्न दबाव, अमेरिकी र भारतीय निर्भरतालाई वृद्धि गर्न र चीनसँगको कूटनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक सम्बन्धलाई समेत कमजोर पार्न गरिएका दृश्य-अदृश्य क्रियाकलाप आदिले नेपालको स्वतन्त्र अस्तित्व र निर्णय क्षमतामा समेत प्रश्नचिह्न खडा गरेको छ । अमेरिकाको बढ्दो दबाव र हस्तक्षेप तथा भारतसँग कयौं विषयमा लामो समयदेखि विवादित मुद्दाहरूबीच नेपालको आन्तरिक राज्य सञ्चालनका सन्भर्दमा सूक्ष्म तथा स्थुल व्यवस्थापन गर्ने (Micro and Macro Management) किसिमबाट हात हाल्ने गरेकाले पर्न गएको राष्ट्रिय समस्या छँदैछ, फेरि आईपीएसमार्फत अमेरिकी ध्रुवमा सामेल हुनुले राष्ट्रको स्वत्व नरहने खतरा टड्कारो बनेको छ ।

### चीनविरूद्ध घेराबन्दीको नीतिमा नेपालको प्रयोग

नेपाल भूपरिवेष्ठित राष्ट्र हो । अन्तर्राष्ट्रिय कानुन अनुसार भूपरिवेष्ठिन राष्ट्रले पाउने समुद्रसम्म पहुँचको अधिकार बारम्बार अवरूद्ध हुने गरेको नेपालको कटु अनुभव छ । त्यसैले आधुनिक विश्व परिवेशमा स्वतन्त्र राष्ट्रहरूको बहुआयामिक विकास र स्वाधीनताका आधारमा आर्थिक, सामाजिक, सांस्कृतिक सम्बन्ध र कूटनीतिक विकासका निम्ति भूपरिवेष्ठित अवस्थालाई भूजडित सम्बन्धसहित अगाडि बढाउने उद्देश्यले पूर्व, दक्षिण र पश्चिममा भारत हुँदै समुद्रसम्मको पहुँचका अतिरिक्त चीनको भूभागबाट पनि समुद्रसम्म पुग्ने अभिप्रायले चीनसँग नयाँ सहमति भएको थियो । चीनसँगको कनेक्टिभिटीका लागि भौगोलिक जटिलता त छँदै छ, त्यसमा थप कृत्रिम अवरोध पनि प्रशस्त रहेका छन् । तथापि, नेपालको भौगोलिक अवस्थिति (Geographic Location) विश्व राजनीतिका लागि रणनीतिक अवस्थिति (Strategic Location) महत्त्वपूर्ण बन्न पुगेको छ ।

विपरीत राज्य प्रणाली भएका दुई ठूला मुलुकको बीचमा नेपालको अवस्थितिले गम्भीर रणनीतिक महत्त्व राखेको छ । संसारकै पहिलो र दोस्रो जनसङ्ख्या भएका देशहरु (चीन र भारत) का बीच नेपालको अवस्थितिले भूमण्डलीय शक्ति-सन्तुलनमा निकै महत्त्व राख्दछ । चीन विश्वकै पहिलो जनसङ्ख्या भएको देश मात्र नभएर पहिलो सैन्य-शक्ति र दोस्रो अर्थतन्त्र भएको देश समेत हो । तीव्र आर्थिक तथा प्रविधिमा समेत विकास गरिरहेको चीनले एकाध दशकपछि नै संसारको शक्तिशाली एवम् विकसित र समृद्ध राष्ट्र बन्ने घोषणा नै गरिसकेको छ । आजको अवस्थामा संसारकै सवैभन्दा शक्तिशाली राष्ट्र बनेको संयुक्त राज्य अमेरिकाले चीनलाई आफ्नो प्रतिस्पर्धी शक्तिका रूपमा लिइरहेको छ । चीन र अमेरिकाबीच भूमण्डलीयस्तरमै प्रभाव, शक्ति, आर्थिक, व्यापार, प्रविधिको विकास इत्यादिमा तीव्र प्रतिस्पर्धा छ । यसले शीतयुद्धको स्थिति ग्रहण गरेको छ । गतकालमा रूस र अमेरिकाबीचको शक्ति-प्रतिस्पर्धा र शीतयुद्धभन्दा आजको स्थिति अलि बढी नै खतरनाक छ । त्यसैले चीनको 'बढ्दो शक्ति र प्रभाव' रोक्न अमेरिकाले संसारका पुँजीवादी राष्ट्रहरूलाई संयुक्त अभियान चलाउन अपिल गरिरहेको छ । चीन आफ्नो अभियानमा गम्भीर एवम् शान्तसँग क्रियाशील छ । २५ डिसेम्बर, १९९१ मा भएको सोभियत युनियन (रूस) को औपचारिक विघटनअघि दुई अतिमहाशक्ति राष्ट्रका रूपमा अमेरिका र रूसबीच प्रतिस्पर्धा थियो । अमेरिकासँग शक्तिको आधारमा टक्कर लिने हैसियतमा पुऱ्याउने सन् १९१७ को अक्टोबर क्रान्तिबाट स्थापना भएको रूसको समाजवादी सत्ता र त्यसले गरेको उन्नति नै थियो । रूसको विघटन पछाडि सन् २००० सम्म आइपुग्दा चीन आधुनिक शक्ति-राष्ट्रका रूपमा उदाइसकेको थियो । चीनको विकास र शक्ति-राष्ट्रका रूपमा उदय अमेरिका र अन्य पुँजीवादी राष्ट्रहरूका निम्ति चुनौती बन्दै गएको महसुस हुन्थ्यो । त्यसैले आफ्नै विशेषतासहितको समाजवादी ढाँचामा अगाडि आएको चीनलाई कमजोर पार्न पुँजीवादी राष्ट्रहरूद्वारा चीनविरोधी भित्री र बाहिरी अभियानहरु सञ्चालित हुन थालेका हुन् । तिब्बतको विद्रोह, तेन-आन-मेन स्क्वायर घटना, ताइवानी गतिविधि, उइगुर जातिको विद्रोह, हङकङ घटना आदि चिनियाँ राज्यसत्ता उल्टाउने र चीनको विभाजन गर्न उत्प्रेरित गर्ने घटनाहरु थिए । यी घटनाका पछाडि कथित लोकतन्त्रका हिमायती पुँजीवादी मुलुकहरूको हात रहको कुरा स्पष्टै छ । तर, ती सवै विफल हुँदै गएका छन् । चीनविरूद्ध 'घेरा हाल्ने र टुक्र्याउने' रणनीतिअनुसार अन्तर्राष्ट्रियस्तरमा खुफिया एजेन्सीहरु सेमत व्यापक मात्रामा परिचालित गरिए । मुख्य भूभाग चीनद्वारा तिब्बतको एकीकरणविरूद्ध विद्रोह गरेका तिब्बती धर्मगुरू दलाई लामा भागेर भारतमा शरण लिन पुगे । सन् १९५९ ताका उनका अनुयायीहरु पनि चीनको कम्युनिस्ट सत्तालाई अस्वीकार गरेर भारत, नेपाललगायतका छिमेकी मुलुकका साथै अन्य मुलुकहरूमा शरणार्थीका रूपमा बसिरहेकाहरूले 'निर्वासित सरकार' गठन गरेर 'फ्री तिब्बत' को नारामा अनेकौं पटक 'तिब्बत विद्रोह' मच्चाउने प्रयत्न गरेका थिए । २०३१ सालताका तिब्बतसँग जोडिएका नेपालका उत्तर-पश्चिमी भूभागलाई आधार बनाएर नेपालमा शरणार्थी भई बसेका र तिब्बतबाट भागेर नेपाल-चीनको सीमा क्षेत्रमा भूमिगत गतिविधि गरिरहेका तथा अन्य मुलुकमा रहेका समेतले चीनविरूद्ध सैनिक तथा हतियारबन्द गतिविधि (तालिम तथा सैनिक बन्दोवस्ती सामग्रीको व्यवस्थापन) गरेर तिब्बतमा हमला गर्ने योजनाका साथ विद्रोह- खम्पा विद्रोह) को तयारी गर्दै गर्दा चिनियाँ पक्षबाट नेपाली भूभाग प्रयोग गरेर चीनविरूद्ध हिंसात्मक कार्य गर्नेलाई नियन्त्रण तथा निशस्त्र गर्न नेपाल सरकारलाई आह्वान गरेपछि नेपालको तत्कालीन सरकारले खम्पाहरूको कथित विद्रोहविरूद्ध नियन्त्रण तथा निशस्त्रीकरण कार्य गरेको ऐतिहासिक तथ्य छ । यसमा विद्रोही नेता वाङ्दी लामा दार्चुलामा मारिएका थिए र थुप्रै विदेशी हातहतियार सेमत जफत भएका थिए । विद्रोहको यो अभियानमा अमेरिकी सरकार र त्यसको अन्तर्राष्ट्रियस्तरमा कार्यरत जासुसी संस्था सीआईए सङ्लग्न भएको कुरा जोन केनेथ नाउस (Jonn Knneth Knous) ले लेखेको किताब 'शीतयुद्धका टुहुराहरु' (Orphans of Cold War) मा उल्लेख छ । उनी आफैं सन् १९५० देखि ६० को दशकसम्म त्यस क्षेत्रमा तिब्बती विद्रोहीहरूको प्रशिक्षण परिचालन गरेका थिए ।

माथिको व्यहोराले के पुष्टि गर्दछ भने नेपाली भूमि प्रयोग गरेर चीनविरूद्ध सैनिक कारबाही समेत सञ्चालन गरिएको कुरा ऐतिहासिक रूपमा प्रमाणित छ । अहिले पनि त्यो अभ्यास जारी छ र अझ सशक्त पार्दै लगिएको छ ।

चीनविरूद्ध घेराबन्दीको नीतिअनुसार चीनसँग सीमा जोडिएका देशहरू- किर्गिस्तान, काजकास्तान, अफगानिस्तान, पाकिस्तान, भारत, भुटान, बर्मा, लाओस, उत्तर कोरिया, मङ्गोलिया, रूस, भियतनताम समेतको भूमि प्रयोगको सम्भावना भएन । तर, कमजोर कडीका रूपमा रहेको नेपालको भूभागको प्रयोग गर्दै आएको अवस्थामा आज पनि त्यसका लागि नेपाली भूमिको रणनीतिक उपयोग अमेरिकाका लागि अत्यन्तै महत्त्वपूर्ण र अनुकूल हुन्छ । नेपाल र अमेरिकाबीच पुरानो कूटनीतिक सम्बन्ध रहेको तथा ऊ आर्थिक दाता राष्ट्र समेत हुनुको कारणले र विश्व पुँजीवादीको प्रमुख राष्ट्र हुनुले नेपाललाई मनोवैज्ञानिक, आर्थिक एवम् राजनीतिक दबावमा राख्ने गरिरहेको छ । वर्तमान राजनीतिक सत्ता एवम् त्यसको उपरीसंरचना र त्यसका अन्य संरचनाहरूमा समेत तथा कथित रूपमा 'लोकतन्त्रविरोधी' कम्युनिज्मको मनोवैज्ञानिक भूतका रूपमा प्रस्तुत गरी नवउदारवादी पुँजीवादी दिशामा तान्ने अनेकौं प्रकारका बल प्रयोग भइरहेका छन् । सिङ्गै राज्यसत्ता र त्यसका विभिन्न अवयवहरूलाई प्रभावमा पारिसकेपछि भूमण्डलीय शक्ति-राजनीतिमा नेपाल र नेपाली भूमिलाई चीनका विरूद्ध प्रयोग गर्ने र दक्षिण तथा दक्षिणपूर्वी एसियामा निगरानी राख्ने सुरक्षित थलो निर्माणको योजना उसको सहायक नीतिभित्र रहेको छ । तिब्बतलाई चीनको मुख्य भूभागबाट अलग गर्न र तिब्बतमा सधैं गडबडी मच्चाएर चिनियाँ सत्ताको ध्यान केन्दित गरिरहन चाहन्छ । चीनका विरूद्ध विद्रोह उठाउन सके चीनको विभाजन गर्न सकिन्छ भन्ने मनसुवा राखेको देखिन्छ । तसर्थ, चीन प्रवेशका लागि नेपालको रणनीतिक अवस्थिति (Strategic Location) उपयोग गर्ने मुख्य उद्देश्य अहिले नेपालसम्बन्धी सहायता नीतिमा अन्तर्निहित उद्देश्य हो । सहायतासम्बन्धी उल्लेखित सर्तहरूमा नेपालको अपमानबोध हुने, नेपालको सम्प्रभुतामा आँच आउने, नेपाल शक्ति-राष्ट्रहरूको द्वन्द्वको चेपुवामा पर्ने, नेपालको संविधान-कानुन-वैदेशिक सम्बन्ध धरापमा पर्ने र सार्वभौम अस्तित्व गुम्ने खतरालाई नजरअन्दाज गर्न सकिन्न ।

सम्झौताका अन्तर्वस्तुबारे पछि व्याख्या गरिने छ । चीनविरूद्ध घेराबन्दी गर्ने रणनीतिक उद्देश्यमा चीनसँग सीमा जोडिएका अन्य मुकहरुबाट सम्भव नभएको अवस्थामा नेपालको असङ्लग्न परराष्ट्र नीति, छिमेकीहरूसँगको समदूरी सम्बन्ध तथा पञ्चशीलका सिद्धान्तप्रतिको नेपालको प्रतिबद्धताका विरूद्ध नेपालका शासकवर्ग र कतिपय राजनीतिक शक्तिहरूका दमित भावना र अस्थिर चिन्तनले एमसीसीसँगको सम्झौताबाट नेपाललाई पर्ने घातक परिणामलाई नजरअन्दाज गरेर 'एमसीसी सम्झौता राष्ट्रिय विकासमा अमरिकाको अमूल्य योगदान' भन्ने र ठान्ने तथा सम्झौताको उत्पत्ति नै बेठीक उद्देश्यबाट भएको देख्दा-देख्दै कथित कूटनीतिक र मैत्री सम्बन्ध रहेको तथा आर्थिक सम्बन्धको भरपर्दो सहयोगी मानेर मात्रै जाँदा राष्ट्रिय स्वाधीनता र स्वाभिमानमा आँच पुग्ने हुँदाहुँदै सिङ्गै सम्झौता पारित गर्ने वा सम्झौतामा रहेका केही अङ्श मात्र सामान्य 'संशोधन' गर्ने, सम्झौताकै हैसियत बोकेका अन्य कार्यान्वयन सम्झौताहरु र पत्राचारहरूको अपनत्वविना हामीले यो गर्ने र यो नगर्ने भनेर 'सङ्कल्प प्रस्ताव' वा 'व्याख्यात्मक घोषणा' वा अन्य कुनै प्रकारका प्रस्ताव पारित गरी सम्झौता अनुमोदन गर्ने स्वीकृति गर्नु भनेको घुमाइफिराई राष्ट्रघाती काममा स्वीकृति जनाउनु हो ।

### अमेरिकी सुरक्षा रणनीति

११ सेप्टेम्बर, २००१ मा न्युयोर्कका जुम्ल्याहा भवनमाथि बिन लादेनको हमलापछि अमेरिकाले आफ्नो राष्ट्रिय सुरक्षा प्रणालीमा रणनीतिक परिवर्तन गर्‍यो । त्यसो गर्नुका मुख्य कारण दुईवटा रहेका छन्–

पहिलो, विश्वको शक्तिशाली अमेरिका विश्वमा आफ्नो वर्चस्व र हैकम कायम राखिराख्न र 'अमेरिका फर्स्ट' भन्ने इगो बरकरार राख्न सैनिक तथा राजनीनिक गठबन्धन गर्ने अन्तर्राष्ट्रियस्तरमा कुनै पनि मुलुकका सम्बन्धमा आफूले कानुन बनाएर लागू गर्ने, संयुक्त राष्ट्रसङ्घको चार्टरलाई बेवास्ता गर्दै कुनै पनि मुलुकमाथि सैनिक हस्तक्षेप गर्ने गरेको थियो । यस्तै प्रसङ्गमा इस्लामिक समाज व्यवस्थामा अस्थिरता र अराजकता सिर्जना गर्न तथा फुट पार्न र मध्यपूर्वी एसियाको तेल भण्डार हात पार्न ओसामा बिन लादेनको मुस्लिम कट्टरतावादी सङ्गठन निर्माणमा भूमिका खेलेको थियो । पछि त्यही कट्टरतावादी मुस्लिम सङ्गठन अमेरिकाको कट्टर विरोधी बनेर अतित्वमा आयो । अन्ततः 'मुस्लिम आतङ्कवादी' भनिएका बिन लादेनको योजनामा गरिएको आत्मघाती हमलाले अमेरिकाको राष्ट्रिय सुरक्षा व्यवस्थालाई जगैदेखि हल्लायो । उक्त घटनाले सुरक्षा रणनीति परिवर्तन गर्नेसम्मको अवस्थामा अमेरिका पुग्यो ।

दोस्रो, विश्व महाशक्ति-राष्ट्रका रूपमा रहेको सोभियत रूसको विघटनपछि संयुक्त राज्य अमेरिका एकध्रुवीय शक्ति-राष्ट्रका रूपमा रहन पुग्यो । सन् २००० सम्म आइपुग्दा विघटित रूस पनि बौरिँदै थियो । अर्कातिर विश्वको सवैभन्दा ठूलो जनसङ्ख्या भएको देश चीनले आर्थिक विकासमा गरेको तीव्र प्रगति, विशाल एवम् मजबुत सैन्य-शक्ति, विज्ञान तथा प्रविधिमा चामत्कारिक विकास, सुदृढ राष्ट्रिय एकता आजसम्म आइपुग्दा अमेरिकी अर्थव्यवस्था, सुरक्षा, प्राविधिक विकास आदि सवै कुरामा अमेरिकाका लागि चुनौती बन्दै गएको छ । सन् २०४० सम्ममा संसारकै विकसित र शक्तिशाली राष्ट्र बन्ने चिनियाँ घोषणाले 'अमेरिका फर्स्ट' भन्ने अमेरिकी इगोमा समेत चुनौती थपिएको छ ।

त्यसैले, अमेरिका आफ्नो राष्ट्रिय सुरक्षा व्यवस्थामा रणनीतिक परिवर्तन गर्न बाध्य भएको हो । उसका हरेक सम्बन्धहरु, आर्थिक सहायता र लगानीहरु सुरक्षा रणनीतिसँग सम्बन्धित छन् । एमसीसीको संरचनागत विकास गर्दा त्यसका मुख्य लक्ष 'राष्ट्रिय सुरक्षा रणनीतिलाई बलियो बनाउन

क्रमशः पाँचौं पृष्ठमा

# अबुधाबीमा एक नेपालीको निधन

**काठमाडौं ।** मध्यपूर्व र आसपासका मुलुकहरूमा जारी तनावबीच संयुक्त अरब इमिरेट्सको अबुधाबीस्थित जायेद अन्तर्राष्ट्रिय विमानस्थलमा भएको आक्रमणमा परी एक नेपाली नागरिकको निधन भएको छ ।

अबुधाबीस्थित नेपाली दूतावासका अनुसार सो आक्रमणमा परी यही फागुन १७ गते गोरखाका दिवस श्रेष्ठको ज्यान गएको हो । अबुधाबीस्थित नेपाली दूतावासले श्रेष्ठको शव नेपाल लैजान आवश्यक सहयोग गर्ने बताएको छ । गृहमन्त्रालयले त्यस क्षेत्रमा रहेका नेपालीलाई सुरक्षित रहन, नआत्तिन र सम्बन्धित मुलुकले जारी गरेको सुरक्षासम्बन्धी सूचना जानकारी लिई पालना गर्न आग्रह गरेको छ । मन्त्रालयले द्वन्द्वका क्रममा सर्वसाधारण नागरिकहरूको सुरक्षा, सुरक्षात्मक व्यवस्था तथा संरक्षण सुनिश्चित गर्न सम्बन्धित सबै पक्षसँग पुनः आग्रह गरेको छ ।

साथै, सम्बन्धित जेनेभा महासन्धिहरू तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका प्रावधानहरूको सधैँ पूर्ण रूपमा सम्मान तथा पालना गरिनुपर्ने मन्त्रालयको जोड छ । मध्यपूर्व र आसपासका मुलुकहरूमध्ये हाल इरानमा ६ जना, इजरायलमा ६ हजार ५००, इजिप्टमा ५००, ओमानमा २५ हजार, कतारमा ३ लाख ५७ हजार, कुवेतमा एक लाख ७५ हजार, जोर्डनमा तीन हजार, बहराइन २८ हजार, साउदी अरबमा तीन लाख ८४ हजार ८६५, संयुक्त अरब इमिरेट्समा श्रम स्वीकृति लिएर गएका ४ लाख ७८ हजार १४४ र भिजिट भिसामा गएका ४ लाख ३७ हजार ४४ जना, लेबनानमा एक हजार ५००, इराकमा ३० हजार र साइप्रसमा १७ हजार गरी हाल करिब १९ लाख ४४ हजार ४७२ जना नेपाली नागरिक रहेका छन् ।

# नेपालीको सुरक्षाबारे प्रधानमन्त्री कार्कीद्वारा कतारी समकक्षी शेखसँग फोनवार्ता

**काठमाडौं ।** प्रधानमन्त्री सुशीला कार्कीले कतारका समकक्षी शेख मोहम्मद बिन अब्दुलरहमान अल-थानीसँग बिहीबार टेलिफोन वार्ता गरी पश्चिम एसिया क्षेत्रमा पछिल्ला दिनमा विकसित घटनाक्रमप्रति चिन्ता व्यक्त गरेकी छन् ।
प्रधानमन्त्री कार्कीले कतारमा रहेका तीन लाख ६० हजार नेपाली नागरिक सुरक्षा तथा संरक्षण उपलब्ध गराएकामा नेपाल सरकार र नेपाली जनताको तर्फबाट कतारी प्रधानमन्त्री थानीलाई धन्यवाद दिनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । प्रधानमन्त्री कार्कीले पश्चिम एसिया क्षेत्रमा विकसित घटनाक्रमलाई नेपालले नजिकबाट नियालिरहेको उल्लेख गर्दै सम्बद्ध सबै पक्षलाई संयमित रहन, द्वन्द्वलाई थप नचर्काउन र नागरिकको सुरक्षाको प्रत्याभूति हुनुपर्ने नेपालको धारणा रहेको बताएकी थिइन् ।

नेपालले सबै राष्ट्रले संयुक्त राष्ट्र संघको बडापत्र, अन्तर्राष्ट्रिय कानुन, जेनेभा अभिसन्धि र मानवीय कानुनको उचित सम्मान र पालना गर्नुपर्ने कुरामा जोड दिइएको उनले बताइन् । कुनै पनि बहानामा युद्ध शान्तिको विकल्प हुन नसक्ने बताउँदै प्रधानमन्त्री कार्कीले वार्ता र कूटनीतिको माध्यमबाट मात्र दीर्घकालीन शान्ति सुनिश्चित हुने बताइन् । दुई मुलुकबीचको सम्बन्ध आगामी दिनमा उच्चस्तरीय भ्रमण आदानप्रदान, आर्थिक तथा सांस्कृतिक सहकार्य र जनस्तरको सम्बन्धमार्फत थप प्रगाढ हुने विश्वास पनि उनले व्यक्त गरिन् ।

टेलिफोन संवादका क्रममा प्रधानमन्त्री कार्कीले कतारको परिस्थितिप्रति ऐक्यबद्धता व्यक्त गर्दै कतारको सार्वभौम भूमिमा खासगरी गैरसैनिक क्षेत्रमा भएको आक्रमणप्रति गहिरो चासो व्यक्त गर्नुका साथै कतारले रचनात्मक भूमिकासहित वर्तमान परिस्थितिको सामना गर्न सक्षम हुने विश्वास व्यक्त गरिन् । कतारका प्रधानमन्त्री एवं परराष्ट्रमन्त्री थानीले नेपाल र कतारबीचको सुमधुर, प्रगाढ र मित्रवत सम्बन्धको उच्च प्रशंसा गरेका थिए ।

# लोकतन्त्रप्रति अटल निष्ठा र प्रतिबद्धता बलियो रूपमा व्यक्त भयो : सभापति थापा

**काठमाडौं ।** नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले प्रतिनिधिसभा सदस्य निर्वाचन मार्फत लोकतन्त्रप्रतिको निष्ठा र अटल प्रतिबद्धता बलियो रूपमा अभिव्यक्त भएको जिकिर गरेका छन् । बिहीबार मतदान सम्पन्न भएपछि एक विज्ञप्ति जारी गर्दै सभापति थापाले निर्वाचन सम्पन्न गराउने सबैप्रति आधार व्यक्त गर्दै सम्मान प्रकट गरेका हुन् ।

'प्रतिनिधिसभाको निर्वाचनमा देशव्यापी रूपमा मतदाताले प्रकट गरेको उत्साह र सक्रिय सहभागिताले लोकतन्त्रप्रतिको नेपाली निष्ठा र अटल प्रतिबद्धता पुनः एकपटक बलियो रूपमा अभिव्यक्त भएको छ' सभापति थापाद्वारा जारी उक्त विज्ञप्तिमा भनिएको छ 'निर्वाचनमा सहभागी भएर आफ्नो अमूल्य मताधिकार प्रयोग गर्नुहुने सम्पूर्ण आमाबुबा, दिदीबहिनी तथा दाजुभाइप्रति म नेपाली कांग्रेस पार्टीका तर्फबाट उच्च सम्मान सहित कृतज्ञता व्यक्त गर्दछु ।' थापाको सो विज्ञप्तिमा मतदाताको सक्रिय सहभागिताले एकातर्फ लोकतान्त्रिक प्रणालीप्रतिको गहिरो विश्वासलाई पुष्टि गरेको र अर्कातर्फ राजनीतिक दल र अब बन्ने सरकारलाई जनअपेक्षा अनुसार काम गर्न थप जिम्मेवार बनाएको उल्लेख गरिएको छ । केही निर्वाचन क्षेत्रमा भएका छिटफुट घटना बाहेक शान्तिपूर्ण वातावरणमा निर्वाचन गराउन सफल भएकोमा सरकार र निर्वाचन आयोगलाई विशेष धन्यवाद दिँदै विज्ञप्तिमा भनिएको छ 'निर्वाचन सफल बनाउन अहोरात्र खटिनु भएका राष्ट्रसेवक कर्मचारी र सम्पूर्ण सुरक्षा निकायप्रति हार्दिक आभार र बधाई प्रकट गर्दछौं ।'

निर्वाचनमा जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्नुभएका राजनीतिक दल, सञ्चारकर्मी तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय पर्यवेक्षकप्रति समेत सभापति थापाले हार्दिक धन्यवाद व्यक्त गरेका छन् ।

# राष्ट्रपतिलाई कृतज्ञता, जनतालाई बधाई !

**काठमाडौं ।** बिहीबार प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न भएपछि प्रधानमन्त्री सुशीला कार्कीले उत्साहजनक सहभागिताका साथ ऐतिहासिक रूपमा शान्तिपूर्ण निर्वाचन सम्पन्न गरी मुलुकलाई लोकतान्त्रिक र संविधानसम्मत निकास दिन सफल भएकामा सम्पूर्ण नेपाली जनतालाई बधाई दिएकी छन् ।

प्रधानमन्त्री कार्कीले बिहीबार मतदात सकिएलगत्तै सामाजिक सञ्जाल (फेसबुक) मार्फत दिइएको सो बधाईमा उल्लेख छ 'निर्वाचन आयोगको कुशल नेतृत्व, सुरक्षाकर्मीहरूको उच्च मनोबल र राष्ट्रप्रतिको बफादारिता, मेरो मन्त्रिपरिषद्का सदस्य तथा राष्ट्रसेवक कर्मचारीहरूको लगनशीलता, राजनीतिक दल र उम्मेदवारहरूको सकारात्मक सहयोग, अन्तरराष्ट्रिय समुदायको साथ र समर्थन, सञ्चारमाध्यमका जिम्मेवार खबरदारीका लागि धन्यवाद ।'

आन्दोलनका सहिदहरू, घाइते योद्धाहरू तथा आन्दोलनकारी नवयुवाको त्याग, संयम, समभ्कदारी र लोकतन्त्रप्रतिको समर्पणका लागि उनले उच्च सम्मान व्यक्त गरेकी छन् । सोही क्रममा राष्ट्रपतिले निर्वाह गरेको अभिभावकीय भूमिकाका लागि समेत प्रधानमन्त्री कार्कीले कृतज्ञता व्यक्त गरेकी छन् ।

उता, राष्ट्रिय स्वतन्त्र पार्टी 'रास्वपा'का वरिष्ठ नेता बालेन्द्र शाहले प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा लोकतन्त्रले जितेको बताएका छन् । प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदानको समय सकिएपछि सामाजिक सञ्जालमा प्रधानमन्त्री सुशीला कार्कीको तस्बिर पोष्ट गर्दै लेखेका छन् 'हजुरको नेतृत्वमा आज लोकतन्त्रले जितेको छ ।'

# उडान अनिश्चत, अन्यौलमा सेवाग्राही

**काठमाडौं ।** निर्वाचनको मुखैमा विदेश जाने तयारीका साथ हातमा पासपोर्ट र हवाई टिकट बोकेर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेको युवाले यतिबेला न विदेश उड्न पाएका छन् न ढुक्कै घर फर्किन पाएका छन् । अमेरिका-इजराइल र इरानबीचको द्वन्द्वपछि मध्यपूर्वस्थित खाडीमुलुकमा जाने धेरै नेपालीहरू यता जाने विमान उडान हुने हो कि नहुने भनेर चिन्तित छन् भने उता विदेशमै हुनेहरू कसरी सुरक्षित हुने भनेर तनावमा छन् ।

देशमा प्रतिनिधि चुन्न उपत्यकाबाट मतदान गर्ने उत्साह बोकेर घर फर्किनेहरूको लर्को लागिरहेको बेला इटहरीका सन्तोष तामाङ हातमा पासपोर्ट र हवाई टिकट बोकेर चार दिनदेखि विमानस्थलको चक्कर लगाइरहेका छन् । दिनहुँ विमानस्थल पुग्ने र उडान रद्ध भएको सूचना लिएर फर्कने गरेको निराशा पोखे । रोमानीयामा रोजगार गर्दै आएका तामाङ दुई महिनाको घर बिदा सकेर उता फर्किने लागेका हुन् । युद्धको प्रभावले गर्दा विमान रद्ध भएपछि उनी चार दिनदेखि विमानस्थल धाइरहेका छन् । 'उडान अनिश्चित भएकाले घर फर्किने स्थिति छैन । हरेक २४ घन्टामा विमान उडानको स्थिति बुझ्नुपर्छ । यस्तो अवस्थामा न भोट हाल्न घर जान पाइने भयो, न उडान नै । निकै फसादमा छु' उनले भने ।

कैलाली टीकापुरका प्रदीप रावलको नियति पनि फरक छैन । चार दिनअघि विमानस्थल आइपुगेका आमा र हजुरआमा आफूलाई विदेश बिदाइ गरेर रुँदै घर फर्किए पनि आफू यतै थन्किएको सुनाउँदै रावलले भने 'घरै फर्के भन्नुहुन्छ, भोट हाल्न मन छ, तर यता उडान छुट्ने डर पनि छ ।' देशको प्रतिनिधि चुन्न पाउने नैसर्गिक अधिकारको सदुपयोग गर्ने चाहना हुँदाहुँदै पनि उनले परिस्थितिका कारण काठमाडौंमै अल्भिनु परेको छ । 'पहिला विदेशमा थिएँ, अहिले स्वदेशमै हुँदा नि भोट हाल्ने अवसर जुरेन' उनको दुखेसो थियो ।

सोमबार नै काम गर्ने ठाउँ दुबई पुगिसक्ने पर्ने भोजपुरका कुलबहादुर विश्वकर्मा पनि विमानस्थलमै आउजाउ गरिरहेका छन् । दुबई जान काठमाडौं आएर रोकिएका उनको अरुहरू मतदान गर्न आ-आफ्नो घरतिर फर्किएको देख्दा मन खिन्न भएको छ उनको । 'भोट हाल्न मन त थियो' उनले भने 'तर घर आउँदा जाँदै दुई दिन लाग्छ ।' युद्धका कारण केही उडान अनिश्चितकालीन रूपमा रद्द भएका र तुरुन्तै खुल्ने सम्भावना नरहेको जानकारी दिँदै नेपाल वैदेशिक रोजगार संघका अध्यक्ष भुवनकुमार गुरुङले घर फर्किन आग्रह गरे । मध्यपूर्व क्षेत्रका कतार, युएइ, कुवेत, इरान, इराक, इजराइल, जोडन, लेबनान, बहराइनका विमानस्थल बन्द गरिएका नेपाल नागरिक उड्डयन प्राधिकारणले जारी गरेको सूचनामा उल्लेख छ ।

# मध्यपूर्वमा तनाव : समग्र अर्थतन्त्रमै नकारात्मक प्रभाव पर्ने चिन्ता

**काठमाडौं ।** इजरायल-अमेरिका र इरानबीचको तनावले नेपालको समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्नेमा चिन्ता प्रकट गरिएको छ । नेपाल आर्थिक पत्रकार संघ (नाफिज)द्वारा आयोजित 'पश्चिम एसियाको द्वन्द्वः नेपालको अर्थतन्त्र र आपूर्ति व्यवस्थामा पार्ने प्रभाव' विषयेक अन्तरक्रियामा अर्थविद तथा व्यवसायीले रोजगारी र आम्दानीमा दीर्घकालीन असर पर्नसक्नेतर्फ औंल्याएका हुन् ।

उक्त द्वन्द्वका कारण नेपालको अर्थतन्त्रमा फेरि एकपटक चुनौती थपिएको चर्चा गर्दै नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक रामशरण खरेलले द्वन्द्व बाह्य मुलुकमा नेपालीको रोजगारीमा समेत असर पर्न सक्ने जोखिम रहेकाले रेमिट्यान्स, औषधि, पेट्रोलियम उत्पादनजस्ता अन्तर्राष्ट्रिय वस्तु आपूर्ति, मूल्य वृद्धिमा प्रभाव पार्ने भएकाले यसलाई ध्यानमा राखेर काम गर्नुपर्ने बताए । 'जेन-जी' आन्दोलनपछि अर्थतन्त्रलाई लयमा ल्याउन प्रयास भइरहेको अवस्थामा यस द्वन्द्वले भन्नै चुनौती थपेको उनले बताए । बैंकिङ प्रणालीमा अत्यधिक तरलता रहेको, बैंक तथा वित्तीय संस्थाको ब्याजदर कम भएको र नयाँ सरकार आएपछि तरलता व्यवस्थापन हुने अपेक्षा गरिए पनि यो द्वन्द्वले चुनौती थपेको छ ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघको पारवहन समितिका सभापति एवं पेट्रोलियम व्यवसायी शिवप्रसाद घिमिरेले द्वन्द्वका कारण एकातर्फ उत्पादन घटेर जाने, आपूर्ति शृङ्खलामा पनि समस्या पैदा गर्ने, अभावको त्रास फैलने जानकारी दिँदै तत्काल पेट्रोलियम पदार्थ अभावको स्थिति सिर्जना नहुने दावी गरे । अर्थविद रविशंकर सैंजुले मध्यपूर्व तथा पश्चिम एशियामा हाल चर्किएको द्वन्द्वबाट देशको आर्थिक तथा सामाजिक जीवनमा गहिरो प्रभावपर्ने उल्लेख गर्दै त्यसको विकल्पमा राष्ट्रिय उत्पादन वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि वातावरण बनाउनुपर्नेमा जोड दिए ।

द्वन्द्वले पेट्रोलियम पदार्थको मूल्य, खाद्य तथा अन्य उपभोग्य सामग्रीको आपूर्ति व्यवस्थाका साथै वैदेशिक लगानी, रेमिट्यान्स, रोजगारी, जिडिपीमा समेत ठूलो प्रभाव पार्नसक्ने सम्भावना रहेको भन्दै नाफिजकी अध्यक्ष मेनुका कार्कीले त्यसतर्फ सतर्कता अपनाउन सरकार संवेदनशील हुनुपर्नेमा जोड दिइन् ।

# रामेछाप दुर्घटनाका घाइतेबारे गृहमन्त्रीले लिए जानकारी

**काठमाडौं ।** रामेछाप नगरपालिका-२ स्थित सिरुबारीमा सोमबार भएको सवारी दुर्घटनाका घाइतेसँग भेटघाट गरी उनीहरूका अवस्थाबारे गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी लिएका छन् । छाउनीस्थित सैनिक अस्पताल पुगेर गृहमन्त्री अर्यालसहितको टोलीले उपचाररत घाइतेसँग संवाद गरी उनीहरूका स्वास्थ्य अवस्थाबारे जानकारी लिएका हुन् ।

उक्त सवारी दुर्घटनामा परी दुई जनाको निधन भएको थियो भने सात जना घाइते भएका थिए । घाइतेहरूको उद्धार गरी छाउनिस्थित सैनिक अस्पतालमा उपचार भइरहेको छ । निर्वाचन प्रयोजनका लागि मतदान केन्द्रमा खटिएका कर्मचारी र सुरक्षाकर्मी सवार सवारी दुर्घटनामा परेको हो । त्यस क्रममा गृहमन्त्री अर्यालले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उपचारमा सरकारले कुनै कमी आउन नदिने बताए ।

छाउनी अस्पतालका चिकित्सक नेपाली सेनाका सहायकरथी डा नम्रता महराका अनुसार घाइतेमध्ये पूजा सुनुवारको सघन उपचार कक्षा (आइसियु) मा उपचार भइरहेको र बाँकी ६ जना भीमबहादुर मानन्धर, केदारकुमार रोका, दुर्गा कार्की, कृष्णप्रसाद घिमिरे, सविना खड्का र समरबहादुर मानन्धर मेडिकल वार्डमा उपचाररत रहेका छन् ।

प्रहरीका अनुसार मन्थलीबाट मतदान केन्द्र शीतलादेवी मावि सिरुबारी (क), (ख) र वडा ३ को वडा कार्यालय भवन साँघुटार (क) र (ख) मतदान केन्द्रमा खटिएका मतदान अधिकृतलगायत कर्मचारी र सुरक्षाकर्मीहरू मतपत्रसहितका निार्वाचन सामग्री लिएर जाँदै गरेको ना७ख ६७६८ नम्बरको निशान गाडी सडकबाट करिब १०० मिटर तल खसेर दुर्घटना हुँदा मतदान अधिकृत डोरप्रसाद घिमिरे र नेपाल प्रहरीका सहायक निरीक्षक (असई) पर्शुराम यादवको निधन भएको थियो ।

# विभागको प्रक्षेपण : 'निर्वाचनका दिन कतै वर्षा हुँदैन'

**काठमाडौं ।** जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान महाशाखाले निर्वाचनका दिन (बिहीबार) मौसम सफा रहने जनाएको छ । आज विभागले विशेष मौसम बुलेटिन सार्वजनिक गर्दै बिहीबार मुलुकभर वर्षा नहुने जनाएको हो ।

महाशाखाले मौसमको अवस्था प्रक्षेपण गर्दै २२ गतेसम्म देशभर उल्लेखनीय मौसम प्रणालीको प्रभाव नरहने जनाएको छ । मौसमविद् बरुण पौडेलले हालसम्मको मौसमी प्रणालीको विश्लेषणका आधारमा अधिकांश स्थानमा मौसम सामान्यतया सफा रहने जानकारी दिए । 'निर्वाचनको दिन देशभर मौसम सफा रहने छ, हामीले निर्वाचन आयोगका प्रतिनिधिलाई पनि मौसमसम्बन्धी जानकारी दिँदै आइरहेका छौं' उनले भने । पौडेलका अनुसार आज भने हिमाली तथा पहाडी क्षेत्रमा आंशिक बदलीसहित हल्का वर्षा तथा हिमपातको सम्भावना छ । विभागका अनुसार कोसी, बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी भू-भागका एक/दुई स्थानमा फाटफुट वर्षा तथा हिमपातको सम्भावना छ । लुम्बिनी प्रदेशको हिमाली क्षेत्रमा आंशिक बदली रहनेछ भने अन्य अधिकांश स्थानमा मौसम मुख्यतया सफा रहने पूर्वानुमान छ । मधेस प्रदेशसहित तराईका भू-भागमा सामान्यतया सफा मौसम रहने जनाइएको छ ।

'बिहीबार देशका अधिकांश भू-भागमा आंशिक बदलीदेखि मुख्यतया सफा मौसम रहनेछन् । उल्लेखनीय वर्षा प्रणाली सक्रिय नदेखिएकाले भारी वर्षाको सम्भावना छैन' महाशाखाद्वारा जारी विशेष बुलेटिनमा उल्लेख गरिएको छ 'शुक्रबार कोसी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली तथा पहाडी भू-भागका एक/दुई स्थानमा हल्का वर्षा तथा हिमपात हुनसक्ने अनुमान गरिएको छ । तराई क्षेत्रका अधिकांश स्थानमा मौसम मुख्यतया सफा रहनेछ ।' महाशाखाले निर्वाचन अवधिभर मौसमको निरन्तर अनुगमन तथा विश्लेषण गरिरहेको जनाएको छ । आवश्यकताअनुसार बुलेटिन अद्यावधिक गरिने उल्लेख गर्दै सम्बन्धित निकाय तथा सर्वसाधारणलाई अद्यावधिक मौसम सूचनामा ध्यान दिन अनुरोध गरिएको छ ।

यसअघि मंगलबार विभागले कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी तथा हिमाली भूभागमा आंशिक बादल लाग्नेछ भने बाँकी भागमा मौसम सफा रहेको बताएको थियो ।

# होली मनाउने क्रममा तनाव : प्रहरीमाथि कुटपिट हुँदा हवाई फायर

**काठमाडौं ।** धनगढी उपमहानगरपालिका–१३ स्थित कैलाली गाउँमा दुईपक्षबीचको विवाद नियन्त्रणमा लिन प्रहरीले हवाई फायर खोल्नु परेको छ । होली मनाउने क्रममा दुई पक्षबीच विवादले उग्ररूप लिएर झडप हुन थालेपछि प्रहरीले हवाई फायर गरेको हो ।

जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता योगेन्द्र तिमिल्सेनाका अनुसार दुई टोलका युवाबीच उत्पन्न विवाद समान्य तुल्याउने क्रममा प्रहरीमाथि आक्रमण भएपछि हवाई फायर गर्नुपरेको हो । स्थिति नियन्त्रणमा लिने क्रममा प्रहरीमाथि पनि कुटपिट भएको थियो । त्यस क्रममा असई डबल साउदको टाउकामा चोट लागेर घाइते भएको प्रहरीले बताएको छ । आक्रमणकारीहरूले जिल्ला प्रहरी कार्यालयको गाडीमा समेत क्षति पुर्‍याएका छन् ।

पुरानो रिसइबीको निहुँमा दुई टोलका युवाबीच होली मनाउने क्रममा विवाद उत्पन्न भई उग्ररूप लिएको स्थानीयले बताए । झडपका क्रममा घाइते बनेका कालुराना थारुलाई उपचारका लागि अस्पताल लगिएको पनि प्रहरीले बताएको छ ।

# लोकतान्त्रिक व्यवस्थामा निर्वाचन सबैभन्दा ठूलो अनुष्ठान : कावा प्रमुख आयुक्त भण्डारी

**काठमाडौं ।** कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले लोकतान्त्रिक व्यवस्थामा निर्वाचन सबैभन्दा ठूलो अनुष्ठान भएको बताएका छन् । बिहीबार प्रतिनिधिसभा सदस्य निर्वाचन हुनुअघि त्यस सन्दर्भमा अपिल जारी गर्दै उनले हरेक मतदाताले निर्वाचनमा खसाल्ने एक–एक मतले राजनीतिक व्यवस्थाको स्वरूप निर्धारण, शासन, सरकार, नीति र नेतृत्व कस्तो हुने भन्ने तय गर्ने भएकाले निर्वाचनको महत्वपूर्ण भूमिका रहेको धारणा व्यक्त गरेका हुन् ।

मतदाताले आ–आफ्नो अधिकार सुरक्षित गर्ने महत्वपूर्ण अनुष्ठानमा सहभागी हुने सम्पूर्णलाई कावा प्रमुख आयुक्त भण्डारीले जारी गरेको अपिलमा यस्तो अनुष्ठानमा सहभागी हुनु हरेक सार्वभौम अधिकार सम्पन्न मतदाताको कर्तव्य पनि भएको उल्लेख गरिएको छ । **कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले जारी गरेको अपिलको पूर्णपाठः**

***आदरणीय बा, आमा, दाजुभाइ तथा दिदीबहिनीहरू !***

- *गत भदौ २३ र २४ गते भएको नवयुवाहरूको विद्रोहपछि विकसित विषम परिस्थितिमा सम्पन्न हुन गइरहेको यो आकस्मिक प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ ले नेपालको संविधान र सङ्घीय लोकतान्त्रिक व्यवस्थालाई अझै सुदृढ एवं परिपक्व बनाउने विश्वास लिएको छु ।*
- *प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ लाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन आवश्यक पर्ने निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी सम्पूर्ण तयारी पूरा भइसकेको जानकारी गराउँदछु ।*
- *निर्वाचनमा मतदाता र मतदान सर्वाधिक महत्वपूर्ण हुन्छ । निर्वाचनमा कुनै उम्मेदवार, व्यवस्था वा पक्षलाई चुन्न मतदाताले दिने सहमति वा स्वीकृति नै मतदान हो । संविधान र कानुनबमोजिम निश्चित उमेर पूरा भएको नागरिक मतदाता हुन्छन् र सबै मतदाताको मतको मूल्य बराबर हुन्छ । त्यसैले मतदानलाई मतदाताको नैसर्गिक अधिकार मानिन्छ ।*
- *राजनीतिक व्यवस्थाको स्वरूप निर्धारण, शासन, सरकार, नीति र नेतृत्व कस्तो हुने भन्ने निर्धारण हरेक मतदाताले निर्वाचनमा खसाल्ने एक–एक मतले तय गर्ने भएकाले लोकतान्त्रिक व्यवस्थामा निर्वाचन सबैभन्दा ठूलो अनुष्ठान हो ।*
- *यो अनुष्ठानमा सहभागी भएर सम्पूर्ण मतदाताले आ–आफ्नो अधिकार सुरक्षित गर्नु हुनेछ भन्ने विश्वास लिएको छु । यो अनुष्ठानमा सहभागी हुनु हरेक सार्वभौम अधिकार सम्पन्न मतदाताको कर्तव्य पनि हो ।*
- *कुनै पनि निर्वाचनमा मतदाताको सहभागितालाई राजनीतिक सचेतना, सामाजिक जिम्मेवारी र नागरिक संलग्नताको उच्चतम अभिव्यक्तिका रूपमा लिने गरिन्छ । जब नागरिकहरू आफ्ना अधिकारप्रति सचेत र जागरुक भएर मतदाताका रूपमा दर्ता हुनुहुन्छ र निर्वाचनमा सुसूचित मतदाता भएर आफ्नो सहभागिता जनाउनुहुन्छ तब मात्र शासनप्रतिको नागरिक अपनत्व बढ्दै जान्छ ।*
- *निर्वाचन आयोग निर्वाचनलाई कुनै पनि अवाञ्छित गतिविधिबाट प्रभावित हुन नदिई आस्था, विचार, सिद्धान्त र निष्ठाबाट निर्देशित एवं परिचालित हुने वातावरण बनाउन दृढ सङ्कल्पित रहेकाले यस कार्यमा सबैको सकारात्मक सहयोग र इमान्दार प्रयत्न हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु ।*
- *निर्वाचन व्यवस्थापनको सन्दर्भमा राजनीतिक दल, उम्मेदवार, मतदाता, नागरिक समाज, सञ्चारकर्मी, आमसञ्चारमाध्यमलगायत सबै सरोकारवालाको सहयोग र सहभागिताले आयोगलाई आफ्नो भूमिका निर्वाह गर्न थप ऊर्जा, हौसला र प्रेरणा प्राप्त भएकामा धन्यवाद दिँदै आयोग निरन्तर सहयोगको अपेक्षा गर्दछ ।*
- *निर्वाचन, प्रतिनिधिमूलक शासन व्यवस्थाको आधारशिला भएको र आफूले रोजेको प्रतिनिधिमार्फत शासन सञ्चालन गर्न पाउने जनताको अधिकारलाई निर्वाचनले नै वैधता र सुनिश्चितता प्रदान गर्ने हुँदा बिहीबार आ–आफ्ना मतदान केन्द्रमा उपस्थित भई निर्धक्क भएर मतदान गर्नु हुन म सम्पूर्ण मतदातालाई हार्दिक अनुरोध गर्दछु ।*

# खाडी क्षेत्रमा रहेका नेपालीलाई ‘विवरण भर्न’ आग्रह

**काठमाडौं ।** मध्यपूर्वमा विकसित परिस्थितिलाई ध्यान दिँदै परराष्ट्र मन्त्रालयले सञ्चालनमा ल्याएको पोर्टललाई खाडी क्षेत्रका विभिन्न दूतावासले आवश्यक प्रचारप्रसार र समन्वय गरेका छन् । नेपाली दूतावास रियादले नेपालीको नाम दर्ताका लागि पोर्टल सञ्चालनमा ल्याएको जानकारी दिँदै आवश्यक सूचना उपलब्ध गराउन नेपाली श्रमिकलाई आग्रह गरेको हो ।

नेपाली नागरिकको अवस्थासम्बन्धी तथा आवश्यक कारबाहीको प्रयोजनका लागि सूचना संकलनका लागि पोर्टल सञ्चालनमा ल्याइएको दूतावासले जनाएको छ । परराष्ट्र मन्त्रालयको तयार पारेको सो पोर्टलमा साउदी अरेबिया, यमनमा रहेका नेपालीका बारेमा सूचना संकलन गरिनेछ ।

नेपालीको सहयोगका लागि विभिन्न राजनीतिक दलसम्बद्ध प्रवासी संघसंस्थाले पनि विभिन्न सम्पर्क व्यक्ति तोकिएको जनाएका छन् ।

# नेपाली व्यापक रहेको मध्यपूर्वको द्वन्द्वप्रति चिन्ता

**काठमाडौं ।** पछिल्लो समय मध्यपूर्वमा विकसित युद्ध र तनावप्रति गहिरो चिन्ता व्यक्त गर्दै नेपालका शीर्ष नेताहरूले तहाँ कार्यरत नेपालीको सुरक्षाबारे चिन्ता व्यक्त गरेका छन् ।

इरान र इजरायलमा विकसित तनावप्रति चिन्ता व्यक्त गर्दै नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ले गहिरो चिन्ता व्यक्त गर्दै नेपालीको सुरक्षा प्रमुख प्राथमिकता रहेको उल्लेख गरेका छन् । कांग्रेस सभापति थापाले शनिबार फेसबुकमार्फत घटनाले आफूलाई चिन्तित बनाएको भन्दै लेखेका छन् ‘विभिन्न देशमा रहेका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीको सुरक्षा झन संवेदनशील बनेको छ । सुरक्षित स्थानमै रहन र सुरक्षा नियमको पूर्ण पालना गर्न सम्पूर्ण नेपालीमा अनुरोध गर्दछु ।’ थापाले सरकार, परराष्ट्र मन्त्रालय र सम्बन्धित नेपाली दूतावासलाई तत्काल प्रभावकारी कदम चाल्न पनि आग्रह गरेका छन् ।

यस्तै, पूर्वप्रधानमन्त्री ओलीले मध्यपूर्वको तनाव (इजरायल–अमेरिका र इरान युद्ध)ले चिन्तित तुल्याएको उल्लेख गरेका छन् । उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन् ‘त्यहाँ रहेका नेपालीहरू सुरक्षित र सजग रहनुहोस् । दूतावास र नेपाल सरकारलाई नेपाली नागरिकको सुरक्षामा अविलम्ब परिचालित हुन अनुरोध गर्दछु ।’ अर्का पूर्वप्रधानमन्त्री दाहालले उक्त घटनाप्रति गहिरो चिन्ता व्यक्त गर्दै लाखौं नेपालीको सुरक्षा सुनिश्चित गर्न सरकारसँग उच्च सतर्कता अपनाउन आग्रह गरेका छन् । ‘मध्यपूर्वमा अमेरिकी र इजरायली आक्रमणपछि बढेको तनावमा नेपालीको सुरक्षाको प्राथमिकता सर्वोपरि हो । कुनै पनि नेपाली नागरिकलाई जोखिममा नपार्ने प्रभावकारी व्यवस्था आवश्यक छ’ संयोजक दाहालले उल्लेख गरेका छन् ।

शनिबार बिहानै इजरायल–अमेरिकाले इरानमाथि आक्रमण सुरु गरेपछि इरानले खाडी क्षेत्रका अमेरिकी सैन्य बेसक्याम्पलक्षित आक्रमण गरेको थियो । यस घटनाले मध्यपूर्वमा क्षेत्रीय युद्धको खतरा बढाएको छ । उक्त घटनापछि नेपाल सरकारले खाडी मुलुक यात्रा नगर्न ‘ट्राभल एडभाइजरी’ समेत जारी गरेको छ ।

# सरकारी टेलिभिजनबाट रुँदै देखाइयो खामेनी मृत्युको खबर, इरानमा ४० दिने राष्ट्रिय शोक

**तेहरान ।** सरकारी टेलिभिजनले इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको निधनको खबर सार्वजनिक गरेको छ । टेलिभिजनमा वाचकले रुँदै खामेनी अब यस संसारमा नरहेको जानकारी देशवासीलाई दिएका हुन् ।

खामेनीको निधनको औपचारिक जानकारीसँगै इरान सरकारले देशभर ४० दिने राष्ट्रिय शोकको घोषणा गरेको छ । यस शोक अवधिको अवधिमा इरानमा राष्ट्रिय झण्डा आधा झुकाइनेछ भने देशभर विभिन्न शोक कार्यक्रमहरू आयोजना गरिने छन् । इजरायल–अमेरिकाकाको संयुक्त हवाई आक्रमणमा मारिएका ८५ वर्षीय खामेनी सन् १९८९ देखि इरानको सर्वोच्च नेताका रूपमा शक्तिशाली पदमा थिए । उनको निधनको खबर सार्वजनिक भएसँगै इरानमा सुरक्षा व्यवस्था कडा पारिएको छ भने समर्थकहरू सडकमा निस्किएर शोक व्यक्त गरिरहेका छन् ।

इजरायल–अमेरिकाद्वारा गत शनिबार इरानमा गरिएको आक्रमणमा खामेनीसहित देशका थुप्रै वरिष्ठ व्यक्तित्वहरू मारिएको पुष्टि भएको छ । खामेनीको शनिबार बिहान आफ्नै कार्यालयमा मृत्यु भएको त्यहाँस्थित सञ्चार माध्यमहरूले उल्लेख गरेका छ । इरानी टेलिभिजनका अनुसार देशका सशस्त्र बलका प्रमुख अब्दोलरहीम मौसवी पनि हवाई आक्रमणमा मारिएका छन् । तेहरानले इस्लामिक रिभोल्युशनरी गार्ड्स (क्रान्तिकारी गार्ड)का कमाण्डर जनरल मोहम्मद पाकपुरको मृत्यु भएको पुष्टि गरेको छ ।

सरकारी सञ्चारमाध्यमहरूले खामेनीका छोरी, ज्वाइँ र नाति नातिना पनि सोही आक्रमणमा मारिएको जानकारी दिएका छन् । गुप्तचर तथा सैनिक स्रोतले सीबीएस न्युजलाई बताए अनुसार ती आक्रमणहरूमा समग्रमा करिब ४० जना इरानी अधिकारीहरूको मृत्यु भएको अनुमान गरिएको छ ।

# एआई मानवहितमा प्रयोग गर्न राष्ट्रसंघको जोड

**सिन्हुवा ।** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले कृत्रिम बुद्धिमत्ता (एआई) सम्बन्धी नवगठित अन्तर्राष्ट्रिय वैज्ञानिक प्यानललाई विश्वस्तरमा स्पष्ट नीति, सुरक्षा मापदण्ड र उत्तरदायित्वका आधार तय गर्न आह्वान गर्नुभएको छ । प्यानलको प्रारम्भिक बैठकलाई सम्बोधन गर्दै उहाँले कृत्रिम बुद्धिमत्ता अभूतपूर्व गतिमा विकास भइरहेको र यसले विश्व अर्थतन्त्र, श्रम बजार, शिक्षा, स्वास्थ्य, सञ्चार तथा शासन प्रणालीमा गहिरो र दीर्घकालीन प्रभाव पारिरहेको बताउनुभयो । यस्तो तीव्र परिवर्तनशील प्रविधिको समग्र प्रभाव कुनै एक देश, कम्पनी तथा अनुसन्धान संस्थाले मात्र बुझ्न नसक्ने भएकाले विश्वव्यापी सहकार्य र वैज्ञानिक आधारमा साझा समझ निर्माण अपरिहार्य रहेको उहाँले उल्लेख गर्नुभयो ।

महासचिव गुटेरेसका अनुसार कृत्रिम बुद्धिमत्ताले शान्ति र सुरक्षादेखि मानवअधिकार तथा दिगो विकाससम्मका क्षेत्रमा अवसर र चुनौती दुवै सिर्जना गरेको छ । एकातिर यसले उत्पादकत्व वृद्धि, नवीन आविष्कार र सेवाको पहुँच विस्तार गर्न सक्छ भने अर्कोतर्फ दुरुपयोग, गलत सूचना प्रसार, गोपनीयता हनन तथा असमानता बढ्ने जोखिम पनि रहेको उहाँले चेतावनी दिनुभयो । त्यसैले यस प्रविधिको प्रयोग सुरक्षित, पारदर्शी, समावेशी र मानवकेन्द्रित हुनुपर्नेमा उहाँले जोड दिनुभयो । नवगठित प्यानलले स्वतन्त्र र निष्पक्ष वैज्ञानिक मूल्याङ्कनका आधारमा विश्व समुदायलाई विश्वासयोग्य सल्लाह र सुझाव प्रदान गर्ने अपेक्षा गरिएको छ । प्यानलका सदस्यहरू व्यक्तिगत हैसियतमा कार्य गर्नेछन् र कुनै सरकार, निजी क्षेत्र तथा अन्य संस्थाको प्रभावमा नपरी स्वतन्त्र रूपमा अनुसन्धान र विश्लेषण गर्ने व्यवस्था गरिएको छ । उहाँहरूले कृत्रिम बुद्धिमत्ताको विकास, जोखिम व्यवस्थापन, नैतिक मापदण्ड तथा अन्तर्राष्ट्रिय सहकार्यका सम्भावित ढाँचाबारे सिफारिस तयार पार्नेछन् ।

संयुक्त राष्ट्र महासभाले ४० सदस्यीय यस प्यानल गठन गरेको हो, जसका सदस्यहरूको कार्यकाल तीन वर्षको रहनेछ । महासचिवले यस पहललाई मानवताका हितमा प्रविधिको उपयोग सुनिश्चित गर्ने ऐतिहासिक अवसरका रूपमा वर्णन गर्दै सबै देशलाई सक्रिय सहभागिता जनाउन आग्रह गर्नुभएको छ ।

# रुसी ट्याङ्कर डुबाइपछि युक्रेनमाथि आरोप, रुस–युक्रेन सम्बन्ध तनावपूर्ण

**एजेन्सी ।** लिबियाको समुन्द्री तट नजिक तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) बोकेको रुसी ट्याङ्कर डुब्दा रुसले यस घटनामा युक्रेनलाई दोष लगाएको छ ।

लिबियाको सर्टे बन्दरगाह प्राधिकरणका अनुसार ‘आर्कटिक मेटागाज’ ट्याङ्कर मङ्गलबार राति अचानक विस्फोट भएपछि आगो फैलिएको र अन्ततः पूर्ण रूपमा डुबेको हो । रुसको यातायात मन्त्रालयले भने जहाजमाथि युक्रेनी नौसैनिक ड्रोनबाट आक्रमण भएको दाबी गरेको छ । मन्त्रालयले यसलाई ‘अन्तर्राष्ट्रिय आतङ्कवाद र समुद्री डकैती’ को कार्य भएको बताएको छ । सोमबार रातिदेखि सामाजिक सञ्जालमा प्रसारित भिडियो र तस्बिरहरूले समुद्रमा ठूलो विस्फोट भएको देखाएका छन्, यद्यपि ती प्रमाण स्वतन्त्र रूपमा पुष्टि भएका छैनन् । लिबियाली प्राधिकरणका अनुसार जहाजमा करिब ६२,००० मेट्रिक टन एलएनजी लोड गरिएको थियो र यो इजिप्टको पोर्ट सईदतर्फ जाँदै थियो । रुसी मन्त्रालयले जहाज उत्तरी रुसको मुरमान्स्क बन्दरगाहबाट प्रस्थान गरेको जनाएको छ । रुसले जहाजमा रहेका सबै ३० चालक दलका सदस्यको सकुशल उद्धार भएको जानकारी दिएको छ । दुर्घटना सर्टे बन्दरगाहबाट करिब १३० समुन्द्री माइल उत्तरतर्फ, लिबियाको खोज तथा उद्धार क्षेत्रभित्र भएको बताइएको छ । प्राधिकरणले अन्य जहाजहरूलाई दुर्घटना स्थल नजिक नजान चेतावनी दिएको छ ।

लिबियाको राष्ट्रिय तेल निगमले ट्याङ्कर केवल मध्य भूमध्यसागर हुँदै पारगमनमा रहेको थियो र यस घटनाले स्थानीय तेल–ग्यास आपूर्तिमा कुनै असर नपारेको स्पष्ट पारेको छ । कम्पनीले लिबियाली बन्दरगाहरूमा यातायात सामान्य रहेको पनि जनाएको छ ।

# इरान–इजरायल बढ्दो तनाव : निशानामा अमेरिकी आधारहरू

**काठमाडौं ।** मध्यपूर्व क्षेत्रमा इरान, इजरायल र संयुक्त राज्य अमेरिकाबीचको सैन्य तनाव झन् गम्भीर बन्दै गएको छ । पछिल्लो घटनाक्रम अनुसार इरानले इजरायलका विभिन्न सहर तथा मध्यपूर्व क्षेत्रमा रहेका अमेरिकी सैन्य आधारहरूलाई लक्षित गर्दै क्षेप्यास्त्र आक्रमण गरेको जनाएको छ । यस घटनाले सम्पूर्ण क्षेत्रको सुरक्षा अवस्था अत्यन्तै संवेदनशील बनाएको छ ।

इरानका अधिकारीहरूका अनुसार यी आक्रमणहरू केही दिनअघि समुद्रमा भएको घटनाको प्रतिशोधस्वरूप गरिएको हो । केही दिनअघि संयुक्त राज्य अमेरिकाको पनडुब्बीले हिन्द महासागर क्षेत्रमा रहेको इरानको युद्धपोत डुबाएको बताइएको छ । उक्त घटनामा धेरै इरानी नाविकको ज्यान गएको र केहीलाई उद्धार गरिएको जानकारी सार्वजनिक भएको छ । यो घटना श्रीलंकाको दक्षिणी समुन्द्री क्षेत्र नजिक अन्तर्राष्ट्रिय जल क्षेत्रमा भएको बताइएको छ । यो घटनापछि इरानले अमेरिकाप्रति कडा असन्तोष व्यक्त गर्दै यसको गम्भीर परिणाम हुने चेतावनी दिएको छ । इरानका नेताहरूले समुद्रमा भएको उक्त आक्रमणलाई गम्भीर अन्याय भन्दै अन्तर्राष्ट्रिय समुदायलाई समेत ध्यानाकर्षण गराएका छन् ।

यसैबीच, इजरायलले पनि जवाफी कारबाही स्वरूप लेबनानमा रहेका इरान समर्थित सशस्त्र समूहका ठेगानाहरूलाई लक्षित गर्दै हवाई आक्रमण गरेको जनाएको छ । पछिल्लो चौबीस घण्टामा मात्र करिब अस्सीभन्दा बढी स्थानमा आक्रमण गरिएको र धेरै संरचनामा क्षति पुगेको खबर आएको छ । विश्लेषकहरूका अनुसार यो सङ्घर्ष फागुन महिनाको अन्त्यतिर संयुक्त राज्य अमेरिका र इजरायलले इरानका केही सैन्य तथा आणविक संरचनामा संयुक्त रूपमा हवाई आक्रमण गरेपछि सुरु भएको हो । त्यसयता दुवै पक्षबाट निरन्तर क्षेप्यास्त्र तथा हवाई आक्रमण भइरहेका छन् । यस सङ्घर्षका कारण सयौं मानिसको ज्यान गएको विभिन्न प्रतिवेदनहरूमा उल्लेख गरिएको छ । यस युद्धका कारण मध्यपूर्वका महत्वपूर्ण समुन्द्री मार्गहरू, विशेष गरी तेल ढुवानी हुने मार्गहरूमा पनि असर परेको छ । धेरै अन्तर्राष्ट्रिय जहाज कम्पनीहरूले खाडी क्षेत्रतर्फको यात्रा अस्थायी रूपमा रोक्ने निर्णय गरेका छन् । यसले विश्व अर्थतन्त्र तथा तेल बजारमा पनि प्रभाव पार्न सक्ने चिन्ता व्यक्त गरिएको छ ।

हाल मध्यपूर्व क्षेत्रको अवस्था अत्यन्तै तनावपूर्ण रहेको छ । यदि कूटनीतिक समाधान खोजिएन भने यो सङ्घर्ष अझै ठूलो क्षेत्रीय युद्धमा रूपान्तरण हुन सक्ने अन्तर्राष्ट्रिय विश्लेषकहरूले चेतावनी दिएका छन् ।

# चीनले रक्षा बजेट ७ प्रतिशत बढाउने

**बेइजिङ ।** चीनले सन् २०२६ का लागि आफ्नो रक्षा बजेट ७ प्रतिशतले वृद्धि गर्ने प्रस्ताव सार्वजनिक गरेको छ । राष्ट्रिय विधायिकामा प्रस्तुत गरिएको बजेट प्रतिवेदनअनुसार आगामी वर्ष चीनले करिब १.९ ट्रिलियन युआन अर्थात् झण्डै २७५ अर्ब अमेरिकी डलर रक्षा क्षेत्रमा खर्च गर्ने योजना बनाएको छ । पछिल्ला वर्षहरूमा पनि चीनले आफ्नो रक्षा बजेट स्थिर रूपमा बढाउँदै आएको छ । सन् २०२३, २०२४ र २०२५ मा पनि रक्षा बजेट वृद्धि दर करिब ७.२ प्रतिशत रहेको थियो, जसले लगातार धेरै वर्षदेखि एक अङ्कको वृद्धि दर कायम रहेको देखाउँछ ।

चिनियाँ अधिकारीहरूका अनुसार देशको राष्ट्रिय सुरक्षा सुनिश्चित गर्न, सैन्य क्षमताको आधुनिकीकरण गर्न र बदलिँदो अन्तर्राष्ट्रिय सुरक्षा परिस्थितिसँग सामना गर्न रक्षा बजेट वृद्धि आवश्यक भएको बताइएको छ । चीनले लामो समयदेखि आफ्नो रक्षा खर्च कुल गार्हस्थ उत्पादनको करिब १.५ प्रतिशतभन्दा कम राख्दै आएको जनाएको छ, जुन विश्वका धेरै देशहरूको तुलनामा कम रहेको दाबी गरिएको छ । सरकारी प्रतिवेदनमा चीनले आफ्नो सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा राष्ट्रिय हितको रक्षा गर्न सैन्य शक्ति सुदृढ गर्न आवश्यक रहेको उल्लेख गरिएको छ। साथै, देशको सेना आधुनिकीकरण गर्ने, प्रविधि विकास गर्ने र सुरक्षा क्षमतामा सुधार ल्याउने उद्देश्यले पनि बजेट वृद्धि गरिएको बताइएको छ ।

यसैबीच, विश्वका धेरै देशहरूले पनि पछिल्ला वर्षहरूमा बढ्दो भू-राजनीतिक तनाव र सुरक्षा चुनौतीका कारण रक्षा बजेट बढाउँदै आएका छन् । उदाहरणका रूपमा जापानले पछिल्ला वर्षहरूमा लगातार आफ्नो रक्षा बजेट बढाउँदै आएको छ र आगामी वर्षहरूमा पनि सुरक्षा क्षेत्रमा ठूलो लगानी गर्ने योजना बनाएको बताइएको छ । चीनले भने आफ्नो सैन्य नीति रक्षात्मक प्रकृतिको रहेको दोहोर्‍याउँदै आएको छ। चिनियाँ अधिकारीहरूले देशले विश्व शान्ति कायम राख्न, क्षेत्रीय स्थिरता मजबुत बनाउन तथा अन्तर्राष्ट्रिय सहयोगलाई प्रवर्द्धन गर्न प्रतिबद्ध रहेको बताएका छन् ।

# पाँचवर्षे मार्गचित्र सार्वजनिक गर्दै चीनको वार्षिक राजनीतिक अधिवेशन सुरु

**बेइजिङ ।** सुस्त बन्दै गएको अर्थतन्त्र, उच्च युवा बेरोजगारी र बाह्य व्यापारिक दबाबका बीच चीनले आफ्नो वार्षिक राष्ट्रिय राजनीतिक अधिवेशन सुरु गर्न लागेको छ । बेइजिङमा हुने यस उच्चस्तरीय भेलामा आगामी पाँच वर्षका प्राथमिकता, आर्थिक लक्ष्य र नीतिगत दिशाबारे स्पष्ट खाका प्रस्तुत गरिने अपेक्षा गरिएको छ । विश्लेषकहरूले यसलाई चीनको भावी आर्थिक र राजनीतिक मार्गचित्र निर्धारण गर्ने महत्त्वपूर्ण क्षणका रूपमा हेरिरहेका छन् ।

यस अवसरमा चीनको औपचारिक व्यवस्थापिका राष्ट्रिय जन काँग्रेसको बैठक बस्नेछ । बैठकमा देशका प्रमुख नीतिगत निर्णयहरू अनुमोदन गरिन्छन् । करिब तीन हजार सदस्य सहभागी हुने यस निकायले चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वबाट अघि सारिएका कानून तथा प्रस्तावहरू पारित गर्नेछ । यद्यपि मतदान प्रक्रिया औपचारिक रूपमा सञ्चालन हुन्छ, निर्णयहरू प्रायः सर्वसम्मत पारित हुने परम्परा रहँदै आएको छ ।

यससँगै चिनियाँ जन राजनीतिक परामर्शदात्री सम्मेलनको बैठक पनि आयोजना हुँदैछ । समाजका विभिन्न क्षेत्र–व्यवसायी, शिक्षाविद्, वैज्ञानिक, खेलाडी तथा अल्पसंख्यक समुदायका प्रतिनिधिहरू–समेटिएको यो सल्लाहकार निकायले सुझाव प्रस्तुत गर्ने भूमिका निर्वाह गर्छ । तर सार्वजनिक नीतिमा यसको प्रत्यक्ष निर्णयाधिकार सीमित रहेको बताइन्छ । विगतमा यी वार्षिक बैठकहरूलाई नीतिगत बहस र छलफलको मञ्चका रूपमा लिइन्थ्यो । सिङ्गापुरको नेसनल युनिभर्सिटीका सार्वजनिक नीतिका प्राध्यापक अल्फ्रेड वुले विगतका वर्षहरूमा केही विवादास्पद विषयमा समेत खुला छलफल हुने गरेको स्मरण गर्नुभयो । उहाँका अनुसार पछिल्ला वर्षहरूमा भने बैठकहरू बढी औपचारिक, नियन्त्रित र प्रस्तुतीकरणमुखी बन्दै गएका छन् ।

यस वर्षको अधिवेशनमा अर्थतन्त्र मुख्य एजेन्डा बन्ने निश्चितजस्तै देखिएको छ । चिनियाँ प्रधानमन्त्रीले वार्षिक कुल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धिदर लक्ष्य तथा रोजगारी, मुद्रास्फीति र सरकारी खर्चसम्बन्धी सूचकहरू सार्वजनिक गर्ने कार्यक्रम छ । विशेष ध्यान १५औँ पञ्चवर्षीय योजनामा केन्द्रित हुनेछ, जसको प्रारम्भिक मस्यौदा गत अक्टोबरमा सार्वजनिक गरिएको थियो । उक्त योजनाले प्राविधिक आत्मनिर्भरता, नवप्रवर्तन र उच्च गुणस्तरको विकासलाई प्राथमिकतामा राख्ने अपेक्षा गरिएको छ ।

चीनले योजनाबद्ध अर्थतन्त्रको ऐतिहासिक अभ्यासअनुसार पञ्चवर्षीय योजनामार्फत दीर्घकालीन विकास रणनीति तय गर्दै आएको छ । तर वर्तमान परिस्थितिमा अर्थतन्त्र चुनौतीपूर्ण मोडमा पुगेको छ । युवा बेरोजगारी उच्च रहेको छ, आवास बजार कमजोर देखिएको छ र घरेलु उपभोग अपेक्षाकृत सुस्त छ । यसबीच अमेरिकासँगको व्यापार तनावका कारण चिनियाँ वस्तुहरूमा लगाइएको अतिरिक्त करले निर्यात क्षेत्र थप प्रभावित भएको छ । बनीति विश्लेषकहरूका अनुसार चीनले अब प्रविधि-आधारित उत्पादन–रोबोटिक्स, नवीकरणीय ऊर्जा र कृत्रिम बौद्धिकता (एआई)–लाई तीव्र रूपमा अघि बढाउँदै आन्तरिक बजार सुदृढ गर्ने रणनीति अवलम्बन गर्नुपर्नेछ । तर प्रविधि आपूर्ति शृङ्खला अझै सीमित रहेकाले त्यसको लाभ व्यापक जनस्तरसम्म कसरी पुर्‍याउने भन्ने चुनौती कायम छ । एसिया सोसाइटीका नीति विज्ञ नील थोमस र लोब्साङ सेरिङले चीनले यस वर्ष आफ्नो आर्थिक वृद्धिदर लक्ष्यलाई रेकर्ड न्यून स्तरमा झार्न सक्ने अनुमान गर्नुभएको छ । उहाँहरूले यसलाई तीव्र वृद्धिबाट गुणस्तरीय वृद्धितर्फको रूपान्तरणको सङ्केतका रूपमा व्याख्या गर्नुभएको छ ।

राजनीतिक र सैनिक संरचनाभित्र पनि केही परिवर्तन देखिएका छन् । गत जनवरीमा दुई वरिष्ठ जनरललाई पदबाट हटाइएको थियो । त्यसपछि व्यवस्थापिकाले थप १९ सदस्यलाई बर्खास्त गरेको छ । हाल केन्द्रीय सैन्य आयोगमा सेनालाई प्रत्यक्ष नियन्त्रण गर्ने सदस्य सङ्ख्या घटेको छ । यद्यपि विश्लेषकहरूले तत्कालै ठूला कर्मचारी फेरबदलको घोषणा हुने सम्भावना कम रहेको बताएका छन् । सेन्टर फर स्ट्रेटेजिक स्टडिजले सार्वजनिक गरेको अध्ययनअनुसार राष्ट्रपति सी जिनपिङको नेतृत्वमा पछिल्ला चार वर्षभित्र पिपुल्स लिबरेसन आर्मीका करिब एक सय वरिष्ठ अधिकारी हटाइएका छन् । तीमध्ये जनवरीमा पदमुक्त गरिएका जनरल झाङ युक्सिया प्रमुख नामका रूपमा उल्लेख गरिन्छन् । तर नेतृत्वले प्रतिस्थापन प्रक्रियामा हतार नगर्ने सङ्केत देखिएको छ ।

प्राध्यापक वुले उदाहरण दिँदै विदेशमन्त्रीको जिम्मेवारीसम्बन्धी घटनालाई स्मरण गर्नुभयो । किन ग्याङ पदमुक्त भएपछि वाङ यीलाई पुनः जिम्मेवारी दिइएको प्रसङ्ग उल्लेख गर्दै उहाँले उच्च तहका निर्णयहरू रणनीतिक रूपमा लिइने बताउनुभयो । समग्रमा, बेइजिङमा सुरु हुन लागेको यो वार्षिक राजनीतिक अधिवेशन चीनका लागि केवल औपचारिक कार्यक्रम मात्र नभई आगामी पाँच वर्षको विकास दिशा स्पष्ट गर्ने अवसरका रूपमा प्रस्तुत भएको छ । आर्थिक पुनरुत्थान, प्रविधिमा आत्मनिर्भरता र आन्तरिक स्थिरता सुदृढ गर्ने लक्ष्यसहित चीनले कस्तो मार्गचित्र सार्वजनिक गर्छ भन्ने विषयमा अन्तर्राष्ट्रिय समुदायको ध्यान केन्द्रित भएको छ ।

# अमेरिकाको नेपाल नीति र...

आन्तर्राष्ट्रिय सम्बन्ध विकास र सहकार्य' भन्ने नीति लिएको छ । त्यसैले एमसीसीमार्फत गरिने सहायता विशुद्ध आर्थिक विकासका लागि सहायता भन्ने बुझ्नु र त्यही मात्रै हो भन्ने प्रचार गर्नु अमेरिकी नियत र क्रियाकलापमाथि पर्दा हाल्नु र शक्ति-राष्ट्रको तावेदारी गर्नु तथा आफ्नो राष्ट्रिय स्वाभिमानलाई कमजोर पार्नु हुन जान्छ । जसले सहायता प्रदान गर्छ, त्यही सहायता राशि उसैको विरुद्ध प्रयोग गरिनु हुँदैन र गरिँदैन भन्ने स्वाभाविक हो । तर, सहायता प्राप्त गर्दैमा त्यो राष्ट्रिय नीतिको विपरीत हुनु, राष्ट्रिय स्वतन्त्रता, स्वाधीनता, सार्वभौमसत्ता र राष्ट्रिय स्वाभिमानमाथि आघात पुग्ने कुरालाई सामान्य ठान्नु राष्ट्रप्रतिको गद्दारी नै हुन्छ ।

एमसीसीको गठन र सहायता प्रणालीको सर्वोपरि उद्देश्य अमेरिकाको राष्ट्रिय सुरक्षा नै हो भन्ने कुरा सिद्ध छ । सन् २०१७ पछि हिन्द-प्रशान्त क्षेत्रमा यो 'हिन्द-प्रशान्त रणनीति' (Indo-Pacific Strategy-IPS) को मातहत रहेको छ । यो कुरा अमेरिकी अधिकारीहरूले भन्नुका साथै "Department of State, United States of America" को "A free and open Indo-Pacific Advancing a Shared Vision, Nov´ber 4, 2019" रिपोर्टको पृष्ठ १३ मा समेत उल्लेख छ । अमेरिकी अधिकारी तत्कालीन विदेश सहायकमन्त्री Alice Wells ले नेपालकै सन्दर्भमा भन्छन्- 'एमसीसीअन्तर्गत नेपाललाई दिइने ५०० मिलियन डलर हिन्द-प्रशान्त रणनीतिको भाग हो ।' त्यसैगरी दक्षिण एसियाका लागि तत्कालीन रक्षामन्त्री David J. Ranz भन्छन्- 'एमसीसी सहायता हिन्द-प्रशान्त रणनीतिको अत्यन्त महत्त्वपूर्ण पक्ष हो ।' नेपालका लागि अमेरिकी दूतावासका अधिकारी Carl Rojars भन्छन्- 'एमसीसी परियोजना नेपालकै हित र अनुरोधमा अघि बढेको हिन्द-प्रशान्त रणनीति अङ्ग हो ।'

यसरी अमेरिकी अधिकारीहरूले स्पष्ट शब्दमा आईपीएसको अङ्ग रहेको स्वीकारेका छन् । त्यसैगरी, माथि उल्लेखित रिपोर्टको पृष्ठ १३ मा "To date, support has included $2.9 billion through the Department of State and USID for the economic pillar of the Indo-Pacific Strategy since the beginning of the Trump Administration, and of millions more through other agencies, including the U.S. Millenium Challenge Corporation (MCC) and the Oversees Private Investment Corporation (OPIC)" भनी उल्लेख गरिनुले एमसीसी अमेरिकी सुरक्षा रणनीतिको महत्त्वपूर्ण हिस्सा रहेको र तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनको समयमा सुरु भएको आईपीएसको मातहत सयौं मिलियन डलर एमसीसी र यस्तै अनेकौं एजेन्सीहरूमार्फत परिचालन गरिने अमेरिकी नीति प्रस्ट हुँदाहुँदै केही स्वनामधन्य, बुद्धिजीवी, सञ्चारकर्मी र राजनीतिक दलहरूले 'एमसीसी कसैको मातहत छैन' भन्नु कतिसम्मको दलालीकरण हो ? लाजमर्दो भइसकेको छ । उनीहरु अमेरिकी भन्दा बढ्ता अमेरिकी बनेर प्रस्तुत भइरहेका छन् ।




## मध्यावधि निर्वाचन...

अस्थायी मतदाता समेत कायम भएको निर्वाचन आयोगले उल्लेख गरेको छ। निर्वाचनका लागि देशभर १० हजार ९ सय ६७ मतदानस्थलमा २३ हजार १ सय १२ मतदान केन्द्र निर्धारण गरिएका थिए भने १ सय ४३ अस्थायी मतदानस्थल तय भएका थिए। ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा अशक्त र गर्भवतीलगायतलाई सहज मतदानका लागि प्राथमिकता दिने व्यवस्था समेत गरिएको थियो। निर्वाचन सुरक्षाका लागि ७९ हजार ७ सय २७ नेपाली सेना, ७५ हजार ७ सय ९७ नेपाल प्रहरी, ३४ हजार ५ सय ६७ सशस्त्र प्रहरी बल, १ हजार ९ सय २१ राष्ट्रिय अनुसन्धानका कर्मचारी र १ लाख ४९ हजार ९० निर्वाचन प्रहरी परिचालन भए।

प्रतिनिधिसभा अन्तर्गत काठमाडौंको क्षेत्र न. १ स्थित वडा नं २९ को मिलन विद्या मन्दिरमा रहेको केन्द्रमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त एवं आयुक्तदद्वयले मतदान गरे। अर्की निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधरले लमजुङको सुन्दरबजार नगरपालिका- २ स्थित महेन्द्र मावि मतदान केन्द्रबाट मतदान गरिन् भने अर्का निर्वाचन आयुक्त सगुनशमशेर जबराले टोखा नगरपालिका- ४, फैमाचुलीस्थित धापासी निमावि मतदान केन्द्रबाट मतदान गरे। पूर्वप्रधानमन्त्री तथा नेपाली कम्युनिस्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले गौर- २ स्थित जानकी प्रावि केन्द्रबाट मतदान गरे। यस निर्वाचनबाट संविधानको रक्षा गर्न सक्ने शक्तिसहितका पक्षमा जनमत आउने विश्वास व्यक्त गरेका पूर्वराष्ट्रपति डा. रामवरण यादवले धनुषास्थित लक्ष्मीनियाँ गाउँपालिका- ४ मा अवस्थित बीपी कोइराला माध्यमिक विद्यालय, सपही मतदान केन्द्रबाट मतदान गरे। पूर्वराष्ट्रपति डा. यादवले २०८४ मा हुनुपर्ने निर्वाचन विषम परिस्थितिका कारण २०८२ मै हुन लागेको भन्दै गम्भीर भएर विवेकपूर्ण ढंगले मतदान गर्न मतदातालाई आग्रह गरे। मतदानपछि सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै पूर्वराष्ट्रपति यादवले भने- 'हामी देशमा उत्पन्न विषम परिस्थितिका कारण आज निर्वाचनमा होमिएका छौं, शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न होस् र देशमा स्थिरता कायम हुने गरी जनमत आओस् भन्ने मेरो कामना छ।'

नेपालको संविधान, लोकतान्त्रिक आन्दोलनका उपलब्धिको परिणाम भएको उल्लेख गर्दै त्यसमा २००७, २०४६ र २०६२/६३ का जनआन्दोलन तथा मधेस आन्दोलनको महत्त्वपूर्ण भूमिका रहेको पूर्वराष्ट्रपति यादवले बताए। संघीय लोकतान्त्रिक, समावेशी तथा समानुपातिक विशेषतासहितको संविधानलाई अझ सुदृढ बनाउन सही पार्टी र सही व्यक्तिलाई छनोट गर्नुपर्ने उनको भनाइ छ। 'संविधान र संविधानले संस्थागत गरेका उपलब्धिका लागि धेरैको बलिदानीपूर्ण योगदान छ। यसीबीचमा भदौ २३ र २४ मा 'जेन-जी' विद्रोह भयो, यस घटनालाई सरकारले उचित ढंगले व्यवस्थापन गर्नुपर्थ्यो,' उनले थपे- 'युवाहरूका माग जायज थिए, तर त्यही क्रममा देशभर आगजनी गराएर अस्थिरता फैलाउने प्रयास प्रतिगामी शक्तिबाट भयो, यस अवस्थामा देशको रक्षा र लोकतन्त्रको सुदृढीकरणका लागि लोकतान्त्रिक शक्तिलाई विजयी गराउनु आवश्यक छ।'

पूर्वप्रधानमन्त्री नेपालले मतदान गरेको रौतहटमा चारवटा निर्वाचन क्षेत्र, २ सय ७७ मतदानस्थल र ५ सय ४१ वटा मतदान केन्द्र कायम छन्। प्रमुख जिल्ला अधिकारी निदेशसागर भुसालका अनुसार जिल्लाका सबै निर्वाचन केन्द्रमा शान्तिपूर्ण रूपमा मतदान भएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत प्रथम महिला सविता पौडेलले व्यास नगरपालिका- २, सत्यवती माथि मतदान केन्द्रबाट मतदान गरेकी छन् जिल्लाका सबै मतदान केन्द्रमा शान्तिपूर्ण रूपमा मतदान भएको। निर्वाचन अधिकारी विकास लम्सालले जानकारी दिए।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले संघीय राजधानी काठमाडौंकै बुढानीलकण्ठ नगरपालिका- २, भङ्गालस्थित साविकको गाविस भवन मतदान केन्द्रबाट मतदान गरेकी छन्। प्रधानमन्त्री सुशीला कार्कीले काठमाडौं क्षेत्र नं ५ स्थित धापासी निमावि फैमालचुली मतदान केन्द्रबाट मतदान गरेकी छन्। मतदानका लागि पुगेकी प्रधानमन्त्री कार्कीलाई मतदानपछि सञ्चारकर्मीहरूले जिज्ञासा राख्दा देशभर उत्साहपूर्वक निर्वाचन भएको भन्दै आफूले आफ्नो कर्तव्य पूरा गरेको भन्दै खुसी व्यक्त गरिन्।

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले काठमाडौंकै मैतीदेवी मन्दिर मयुरकुण्ड मतदान केन्द्रबाट मतदान गरे। मतदापछि संक्षिप्त प्रतिक्रिया दिँदै यो निर्वाचनले दिने 'म्यानडेट' ले आगामी पाँच वर्षमा देश सञ्चालनको मार्गचित्र बनाउने थापाले बताए। 'संविधान 'लिक' भन्दा बाहिर गइसकेपछि लामो समयसम्म राजनीतिक अनिश्चितता हुन्छ कि भन्ने भय भयो, त्यसैले यो निर्वाचन संविधानलाई 'ट्र्याक' मा ल्याउन अनिवार्य थियो' भन्दै निर्वाचन हुने-नहुने द्विविधाका बीच देशभर शान्तिपूर्ण रूपमा मतदान भइरहेको उनले उल्लेख गरे। सभापति थापा सर्लाही- ४ का उम्मेदवार हुन्।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले भक्तपुरको सूर्यविनायक नगरपालिका- २, बालकोटस्थित महेन्द्र शान्ति माध्यमिक विद्यालयमा अवस्थित मतदान केन्द्रबाट मतदान गरे। झापा- ५ बाट उम्मेदवारी दिएका पूर्वप्रधानमन्त्री ओलीले देशभर शान्तिपूर्ण र धाँधलीरहित रूपमा निर्वाचन सम्पन्न हुने विश्वास लिएको बताए।

राष्ट्रियसभा अध्यक्ष नारायण दाहालले भरतपुर महानगरपालिका- १४, शान्तिपुरस्थित नेपाल पुलिस स्कुल मतदान केन्द्रबाट मतदान गरेपछि जनताको माग अनुसार निर्वाचित जनप्रतिनिधिले काम गर्नेमा आफू ढुक्क रहेको बताए। काठमाडौंका १० वटै निर्वाचन क्षेत्रमा उत्साहका साथ शान्तिपूर्ण रूपमा मतदान भएको छ। प्रतिनिधिसभा सदस्यको निर्वाचनका क्रममा काठमाडौंका ८ सय १७ वटै मतदान केन्द्रमा उत्साहका साथ मतदान भएको काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले जानकारी दिए। प्रजिअ पौडेल नेतृत्वको टोलीले काठमाडौंका विभिन्न मतदानस्थलको अनुगमन गरेको थियो।

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत काठमाडौंको पुरानोबानेश्वरस्थित गौरचणपार्क मतदान केन्द्रबाट मतदान गरेपछि सञ्चारकर्मीसँगको कुराकानी गर्दै मन्त्रिपरिषदका पूर्वअध्यक्ष खिलराज रेग्मीले पनि मतदानपछि गठन हुने सरकारलाई शान्ति, सुशासन र समृद्धिका जनअपेक्षालाई पूरा गर्नेतर्फ कदम चाल्न सुझाव दिए। जनताको दैनिक जीवन र सुख-दुःखमा सरकारले ध्यान दिनुपर्नेमा जोड दिँदै यो निर्वाचनले देशले स्थायित्व, शान्ति सुव्यवस्था र समृद्धिको मार्गमा अगाडि बढ्ने विश्वास उनले व्यक्त गरे।

पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले गोरखाको पालुङटार नगरपालिका- १ स्थित अन्नपूर्ण माध्यमिक विद्यालयको मतदान केन्द्रबाट मतदान गरे। जिल्लाका विभिन्न मतदान केन्द्रमा शान्तिपूर्ण रूपमा मतदान भएको स्थानीय प्रशासनले जानकारी दिएको छ। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंले भक्तपुर नगरपालिका- ५ स्थित विद्यार्थी निकेतन माध्यमिक विद्यालयको मतदान केन्द्रबाट मतदान गरे। प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदान गरेपछि अध्यक्ष बिजुक्छेंले अब आउने संसद र सरकारले जनताका आधारभूत आवश्यकता सम्बोधनका लागि ध्यान दिनुपर्नेमा जोड दिए।

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई 'साम्पाङ' ले धरान उपमहानगरपालिका- १८ स्थित कार्मेल बोर्डिङ स्कुल मतदान केन्द्रमा मतदान गरे। धरान उपमहानगरपालिकाका पूर्वप्रमुख साम्पाङ सुनसरी- १ का उम्मेदवार हुन्। एमालेका पूर्ववरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले काठमाडौंकै टोखा नगरपालिका- ६ को वडा कार्यालयमा रहेको मतदान केन्द्रबाट मतदान गरे। मतदानपछि संक्षिप्त प्रतिक्रिया दिँदै देशमा उत्पन्न विषय परिस्थितिका बीच भइरहेको निर्वाचनमा उत्साहपूर्वक सहभागी भएर आफ्नो अभिमत जाहेर गर्न उनले आग्रह गरे। उनी काठमाडौं- ५ का उम्मेदवार हुन्।

## सहिद सप्ताह...

बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनपछि सामाजिक सञ्जाल (फेसबुक) मार्फत सन्देश जारी गर्दै संयोजक प्रचण्डले शान्तिपूर्ण, सभ्य र लोकतान्त्रिक वातावरणमा निर्वाचन सम्पन्न गर्न सफल भएकामा सरकार, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, सहभागी राजनीतिक दलहरू, नागरिक समाज एवं सम्पूर्ण मतदाताप्रति धन्यवाद व्यक्त गर्दै यस्तो धारणा प्रकट गरेका हुन्।

'जटिल राजनीतिक परिस्थितिलाई सहजतातर्फ लैजान घोषणा भएको प्रतिनिधिसभाको निर्वाचन तमाम आशंका चिर्दै शान्तिपूर्ण, सभ्य र लोकतान्त्रिक वातावरणमा सम्पन्न भएको छ,' संयोजक प्रचण्डले उल्लेख गरेका छन्- 'आगामी दिनमा जनताको निर्णयलाई सम्मान गर्दै देश र जनताको हितमा सबै पक्ष मिलेर अघि बढ्ने विश्वास व्यक्त गर्दछु।'

## राष्ट्रपति–उपराष्ट्रपतिले किन गरेनन् मतदान ?

**काठमाडौं** । राष्ट्रपति र उपराष्ट्रपतिले प्रतिनिधिसभा सदस्य पदका लागि बिहीबार भएको निर्वाचनमा मतदान गरेनन्। संविधानको संरक्षकका रूपमा तटस्थता कायम गर्दै राष्ट्रपति र उपराष्ट्रपतिले मतदान नगरेको बताइएको छ।

राष्ट्रपति रामचन्द्र पौडेल संविधानको संरक्षक र राष्ट्रकै अभिभावक भएकाले मतदानमा सहभागी नहुने निर्णय गरेको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए। राष्ट्रपति पौडेलले यसअघि गृहजिल्ला तनहुँ, व्यास नगरपालिकास्थित सत्यवती मावि मतदान केन्द्रबाट मतदान गर्दै आएका थिए।

उपराष्ट्रपति रामसहायप्रसाद यादव पनि संवैधानिक तटस्थताका कारण मतदान प्रक्रियामा सहभागी नभएको उनका प्रेस सल्लाहकार दिनेश यादवले जानकारी दिए। यसअघिका निर्वाचनमा उनले बाराको बसबरीयास्थित मतदान केन्द्रबाट मतदान गर्दै आएका थिए।

## १०७ र १०४ वर्षका ज्येष्ठ नागरिक रावत र कोइरालाले गरे मतदान

**काठमाडौं** । तनहुँ जिल्लास्थित शुक्लागण्डकी नगरपालिका- ३, बन्केवा निवासी १०७ वर्षीय गणेशबहादुर रावतले बिहीबार सम्पन्न चुनावमा मतदान गरी आफ्नो मत जाहेर गरेका छन्।

रावतले तनहुँ क्षेत्र नम्बर २ अन्तर्गत निर्मल आधारभूत प्राथमिक विद्यालय, बन्केवा मतदान केन्द्रबाट मतदान गरेका हुन्। मतदानपछि उनले आफ्नो मताधिकार प्रयोग गर्न पाउँदा खुशी लागेको प्रतिक्रिया दिएका छन्।

यसैगरी, झापा जिल्लाको मेचीनगर नगरपालिका- १० स्थित धुलाबारी माध्यमिक विद्यालयको मतदान केन्द्रमा झापा- १ की तुलसा कोइरालाले मतदान गरेकी छन्। आफ्ना छोरा र नातिको सहयोगमा भोट हाल्न आएको तुलसाले बताइन्।

## निर्वाचन सम्पन्न भएकामा ओलीको धन्यवाद

**काठमाडौं** । शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भएकामा नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले धन्यवाद ज्ञापन गरेका छन्।

निर्वाचन सम्पन्न भएपछि बिहीबार सामाजिक सञ्जालमार्फत उनले देशभर आम रूपमा शान्तिपूर्ण मतदान सम्पन्न भएकामा धन्यवाद ज्ञापन गरेका हुन्। 'निर्वाचन सम्पन्न गरेकामा सरकार, निर्वाचन आयोग, मतदानमा सहभागी हुनुभएका सम्पूर्ण मतदाता, निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मी सबैलाई धन्यवाद। निर्वाचनमा सक्रिय पार्टीका कार्यकर्ता तथा प्रतिनिधिहरूलाई पनि धन्यवाद'- अध्यक्ष ओलीले सामाजिक सञ्जालमार्फत भनेका छन्।


**फरार कैदीबन्दीको खोजीमा सहयोग गरौ !**

- जेन-जी आन्दोलनका क्रममा विभिन्न कारागारबाट फरार भएका कैदीबन्दीको खोजी कार्य भइरहेको छ।
- फरार कैदीबन्दीको नामावली कारागार व्यवस्थापन विभागले वेबसाइटमा सार्वजनिक गरेको छ।
- सरकारले फरार कैदीबन्दी खोजी तथा पक्राउ कार्यलाई अभियानकै रूपमा सञ्चालन गरेको छ।
- फरार कैदीबन्दीको खोजतलास कार्यमा सहयोग पुर्‍याउनु सबै नागरिकको कर्तव्य हो।
- सरकारले फरार भएका कैदीबन्दीबारे सूचना भए नजिकको सुरक्षा निकायमा उपलब्ध गराइदिन अनुरोध गरेको छ।

फरार कैदीबन्दीको खोजीमा सहयोग गरौं, सरकारलाई शान्तिसुरक्षा कायम गर्न सघाऔं !

नेपाल सरकार
**विज्ञापन बोर्ड**


प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं